नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, पाल्पा

## वार्षिक बुलेटिन २०८०/०८१



**प्रकाशक**

जिल्ला प्रशासन कार्यालय, पाल्पा

**संरक्षक**

आनन्द काफ्ले
(प्रमुख जिल्ला अधिकारी)

**सम्पादक मण्डल**

भक्ति सरा राना कर्माचार्य
(सहायक प्रमुख जिल्ला अधिकारी)

राज कुमार कापड
(कम्प्यूटर अपरेटर)

योगमाया गाहा
(कम्प्यूटर अपरेटर)

Email:
daopalpa@gmail.com

**Website:**
http//:daopalpa.moha.gov.np

**Facebook page:**
www.facebook.com/daopalpa

## प्रमुख जिल्ला अधिकारीको भनाई

जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरि जनताको जीउ,धन र स्वतन्त्रताको संरक्षण गर्ने, अवाञ्छित अपराधिक गतिविधिहरु हुन नदिने, अनपेक्षित रुपमा यस्ता घटनाहरु घटिहाले अपराधीलाई कानूनको दायरामा ल्याउने, नेपालको संविधान र स्थानीय प्रशासन ऐन लगायत प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट संचालित विकास निर्माणको काममा आवश्यक समन्वय र सहजीकरण गर्ने तथा सम्पुर्ण जिल्लावासी, आमनागरिक, आन्तरिक तथा बाह्य पर्यटकहरूको आवतजावतमा सहजीकरण र सुरक्षा प्रदान गर्ने कार्य जिल्ला प्रशासन कार्यालयको मुख्य जिम्मेवारीमा पर्दछ।

आफ्नो कार्यालयको दैनिक प्रशासन संचालन गरी नागरिकता, राहदानी. विभिन्न प्रकृतिका सिफारिसहरु प्रदान गर्ने, विभिन्न तहका विपद् व्यवस्थापन समितिसँग समन्वय गरी जिल्लामा आई पर्ने विपद्जन्य परिस्थितिहरूको व्यवस्थापन गर्ने, प्रचलित कानूनको अधिनमा रही आफ्नो क्षेत्राधिकार भित्रका अर्ध न्यायीक कार्यहरूको शुरू कारवाही र न्यायीक निरुपण गर्ने, सम्मानित अदालतका फैसला कार्यान्वयन गर्ने गराउने, सार्वजनिक सम्पत्तिहरूको रेखरेख र संरक्षण गर्ने तथा विभिन्न संवैधानिक निकायहरू तथा आयोगहरूले प्रत्यायोजन गरेका कार्यहरु सम्पादन गर्ने जिम्मेवारी समेत जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गर्दछन् । यसका साथै नेपाल सरकार, विषयगत मन्त्रालयहरू, प्रदेश सरकारले विभिन्न समयमा तोकेका थप जिम्मेवारी बहन गर्ने समेत जिल्ला प्रशासन कार्यालयको कर्तव्य हो ।

जिल्ला प्रशासन कार्यालयबाट सम्पादित सबै कार्यालयको अभिलेखिकरण गर्न सम्भव नभए पनि सम्पादित मुख्य-मुख्य कार्यहरुको अभिलेखिकरणले विगतमा भएका मुख्य कामहरुको अभिलेख रहने, भोलिका दिनमा सोही प्रकृतिका अन्य कार्य सम्पादन गर्न आवश्यक मार्गदर्शन र पृष्ठपोषण प्राप्त हुने, आगामी दिनहरुमा प्रभावकारी कार्यसम्पादन गर्नको लागि उपयुक्त योजना, रणनीति र प्राथमिकताहरु निर्धारण गरि सहजरूपमा कार्यान्वयान गरी लक्षित उपलब्धी प्राप्त गर्न सकिने र विभिन्न समयमा सम्पादित कार्यहरूको अभिलेखलाई दस्तावेजको रुपमा समेत उपयोग गर्न सकिने हुँदा नेपाल सरकार गृह मन्त्रालयका विभिन्न मितिका परिपत्र तथा मार्गनिर्देशनहरू लाई समेत ध्यानमा राखी आ.व. २०८०/८१ को वर्षभरिमा गरिएका क्रियाकलाप समेटेर जिल्ला प्रशासन कार्यालय, पाल्पाले यो वार्षिक बुलेटिन प्रकाशन गरेको छ ।

हालसम्म अनवरत रुपमा आवश्यक मार्गदर्शन, पृष्ठपोषण, समन्वय र सहजीकरण गर्ने नेपाल सरकार, गृह मन्त्रालय र प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयका साथै प्रतिनिधी सभा तथा प्रदेश सभाका माननीय सांसदज्यूहरु, सुरक्षा निकाय, स्थानीय तह, जिल्ला स्थित सम्पूर्ण कार्यालयहरु, राजनीतिक दल, संघ संस्था र संचारकर्मी लगायत सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछु ।

साथै वार्षिक क्रियाकलाप सम्पादन गरि कार्यसम्पादनको मूल्याङ्कनमा ७७ जिल्लामै यस जिल्लाले द्धितिय स्थान हासिल गर्न सफल भएकोमा यस अगाडीका प्रमुख जिल्ला अधिकारीज्यू, कार्यालयका सम्पूर्ण कर्मचारी तथा बर्षभरि गरेका कार्यहरुलाई लिपिवद्ध गरि बुलेटीनको यो स्वरुप तयार गर्ने सम्पादक मण्डललाई बिशेष धन्यवाद दिदै आगामी दिनमा समेत सबैको निरन्तर सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछु ।

२०८१, श्रावण

आनन्द काफ्ले
प्रमुख जिल्ला अधिकारी

# जिल्ला प्रशासन कार्यालय पाल्पाका कर्मचारीहरु



## विषय सूची

१. जिल्ला प्रशासन कार्यालको कार्य र प्रकृति ..........१
२. पाल्पा जिल्लाको संक्षिप्त चिनारी..........२
२.१ पाल्पा जिल्लाको नक्सा..........२
२.२ जिल्लाको संक्षिप्त परिचय..........२
२.३ प्रतिनिधि सभा/राष्ट्रिय सभा/प्रदेश सभा सदस्यहरुको विवरण..........५
२.४ स्थानीय तहहरुको विवरण..........६
३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार ..........८
४. जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु ..........८
४.१ शान्ति सुरक्षा सम्बन्धी कार्य ..........८
४.२ स्थानीय प्रशासन सम्वन्धी कार्य..........८
४.३ अनुगमन सम्बन्धी कार्य..........८
४.४ बिपद् व्यवस्थापन सम्वन्धी कार्य..........९
४.५ द्धन्द पिडितहरुलाई राहत वितरण ..........९
४.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी..........९
४.७ हातहतियार इजाजत तथा नविकरण सम्बन्धी ..........९
४.८ संस्था दर्ता तथा नविकरण सम्बन्धी सेवा..........९
४.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा ..........९
४.१० विविध कार्य ..........९
५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि..........१०
६. जिल्ला प्रशासन कार्यालय, पाल्पाको संगठनात्मक संरचना एवं दरवन्दी..........१२
६.१ जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरवन्दी र कार्य विवरण ..........१३
७. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी ..........१४
७.१ जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुको नाम पद र सम्पर्क नम्वर..........१४
८. सेवा प्रदान गर्ने कार्यकक्षहरु..........१५
९. कार्यालय प्रमुख र सूचना अधिकारी ..........१६
१०.सम्पादन गरेको कामको बार्षिक विवरण..........१६
१०.१ बार्षिक प्रगति विवरण..........१६
१०.२ यस आ.ब.को मा दर्ता भएका संघ संस्थाहरुको विवरण..........१९

११. सम्पादन गरेको कामको बार्षिक विवरण......२१
१२. विपद् व्यवस्थापन सम्बन्धी कार्यको विवरण ......२३
१३. विपद् व्यवस्थापनका लागि सम्पर्क व्यक्ति र नम्वर......२५
१३.१ स्थानीय प्रशासन अन्तर्गत......२५
१३.२ स्थानीय तह अन्तर्गत ......२५
१३.३ बिषयगत कार्यालयहरु अन्तर्गत......२६
१३.४ अन्य ......२६
१३.५ विपद् व्यवस्थापनमा देखिएका समस्याहरु ......२७
१३.६ जिल्ला/स्थानीय तहका प्रमुख विपद् घट्नाहरु......२७
१३.७ जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका अन्य उलेख्य कार्यहरु......२८
१४. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन ......२८
१५. यस कार्यालयले संचालन गरेको कार्यक्रमहरु......२९
१६. नव प्रवर्धनात्मक कार्यहरु......३७
१७. हाल सम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण ......४३
१८. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण ......३९
१८.१ जग्गाको विवरण......४४
१८.२ सवारी साधनको विवरण......४५
१९. पाल्पा जिल्लामा रहेका संघीय र प्रदेश सरकार अन्तरगतका सरकारी कार्यालय र प्रमुखहरुको सम्पर्क विवरण......४५
२०. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क विवरण......४७
२१. तस्बीरहरु......

## १. जिल्ला प्रशासन कार्यालय, पाल्पाको कार्य र प्रकृतिः-

जिल्लामा शान्ति र सुव्यवस्था कायम गरी जनताको जीउ धनको सुरक्षा गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो।नेपाल सरकार, गृह मन्त्रालय मातहतमा रहने गरी प्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ ।मुलत:स्थानीय प्रशासन ऐन, २०२८ ले यस कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ।जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता प्रमाण सम्बन्धी सेवा प्रदान गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सार्वजनिक शान्ति विरुद्धका कसुर, उपभोक्ता हित लगायत प्रचलित कानुनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र निर्णय गर्ने साथै विकास निर्माणका कार्यहरुमा समन्वय, सहजीकरण गर्नु जिल्ला प्रशासन कार्यालय, पाल्पाका मुख्य-मुख्य कार्यहरु हुन्।

बिद्युतीय राहदानी सम्वन्धी सेवा, राष्ट्रिय परिचयपत्र र फोटो सहितको मतदाता नामावली सम्वन्धी ईकाईको सञ्चालन गरी सेवा प्रदान गर्ने, बिभिन्न प्रकारका सिफारिस तथा प्रमाणित गर्ने कार्य, सुशासन प्रर्वद्धन गर्न पहेरीदारी गर्ने, यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवालाहरुलाई सुसूचित गराई प्राप्त पृष्ठपोषणका आधारमा निरन्तर सुधार गरी प्रभावकारी बनाउने उद्धेश्य रहेको छ।यस कार्यालय अन्तर्गतको ईलाका प्रशासन कार्यालय रामपुर नगरपालिकामा रहेको छ ।

### दृष्टिकोण :-

नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने दृष्टिकोण रहेको छ ।

### लक्ष्य:-


नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ ।जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गरी सुशासनको प्रत्याभूति दिने यस कार्यालयको लक्ष्य रहेको छ।

### उद्देश्य :-

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने, सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

## २. पाल्पा जिल्लाको संक्षिप्त चिनारी :-

### २.१ पाल्पाको जिल्लाको नक्सा




### २.२ जिल्लाको संक्षिप्त परिचयः-

लुम्बिनी प्रदेशमा रहेका १२ जिल्ला मध्ये पाल्पा जिल्ला एक ऐतिहासिक महत्व बोकेको पहाडी जिल्ला हो। यस जिल्लाको सीमाना पूर्वमा तनहुं र नवलपरासी पूर्व, पश्चिममा अर्घाखांची र गुल्मी, उत्तरमा स्याङ्जा, दक्षिणमा रुपन्देही र नवलपरासी पश्चिम जिल्लाहरु पर्दछन्। विश्व मानचित्रमा यो जिल्ला २७ डिग्री ४० मिनेट उत्तरदेखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश र ८३ डिग्री १४ मिनेट पूर्वदेखी ८४ डिग्री ०२ मिनेट पूर्वी देशान्तरबीच फैलिएको छ । यस जिल्लाको क्षेत्रफल १३७३ वर्ग कि.मी. रहेको छ । यो जिल्ला समुन्द्री सतहबाट करिव २०० मि. देखि २००० मि. उचाई सम्म फैलिएको छ। उष्ण जलवायु देखि समशितोष्ण हावापानी पाईने यस भूमिमा प्राकृतिक वनस्पती एवं जैविक विविधता पाईन्छ। यस जिल्लाको सरदर औषत तापक्रम २३ डिग्री सेल्सियस भएपनि गर्मीयाममा ३५ डिग्री सेल्सियस भन्दा बढी र जाडोयाममा ३.७ डिग्री भन्दा कम हुंदैन। सेनवंशी र मगराँती पृष्ठभूमि वोकेको पाल्पा जिल्लालाई इतिहास, कला, शिक्षा, संस्कृति, रहनसहन र सभ्यताको धनी मानिन्छ। पाल्पा जिल्ला राणाकालको चार कमाण्डरहरु मध्ये एक रहने तत्कालिन समयकोसबै भन्दा ठूलो प्रशासनिक इकाईको रुपमा रहेको थियो। सुदुर पश्चिमका जनताले गल्ती गरेमा पाल्पा चलान गर्ने भन्ने भनाईले पनि यो पश्चिम नेपालकै राजधानीकोरुपमा रहेको पुष्टि

हुन्छ।सत्यवती ताल, सीता कुण्ड र प्रभास ताल यस जिल्लाका मुख्य ताल तथा कुण्डहरु हुन्।रामपुर, माडी, अर्गली, कचल, दर्पुक जस्ता फाँट र कालीगण्डकी तट यहाँको कृषि उत्पादनको हिसावले मुख्य अन्न भण्डार हुन् ।हृषीकेश मन्दिर, रम्भादेवी मन्दिर,कालभैरव मन्दिर र उक्त मन्दिरमा रहेको एशियाकै सबै भन्दा ठूलो पित्तलको त्रिशुल, अर्गली दरवार, रानीघाट स्थित रानीमहल, गोखुङ्गा, रिम्घालेक, रिव्दीकोट, हात्तीलेक, बल्ढेङ्गगढी रकोलडांडाकोसत्यवती ताल जस्ता ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलको छुट्टै महत्व रहेको छ।स्थानीय तहको पुनः संरचना पश्चात दुई वटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रही १० वटास्थानीय तहमा विभाजन गरिएको पाल्पा जिल्लामा २ नगरपालिका र ८ गाउँपालिका अन्तर्गतका ८१ वटा वडाहरू रहेका छन ।

तानसेन यस जिल्लाको सदरमुकाम हो।प्राकृतिक सुन्दरताको दृष्टिले असाध्यै सुन्दर यस तानसेनलाई नेपालको दार्जिलिङ्ग पनि भन्ने गरिन्छ।यसै शहरको मुकुटको रुपमा रहेको श्रीनगरडाँडा यहांको आकर्षण तथा गहना हो।श्रीनगरडाँडा प्राकृतिक छटाले भरिपूर्ण छ।जहाँबाट धौलागिरी, माछापुच्छ्रे, अन्नपूर्ण जस्ता हिमश्रृंखलाहरुको दृश्यावलोकन गर्न सकिन्छ।तानसेनको ऐतिहासिक पृष्ठभूमी अत्यन्त रोचक छ।मुसलमानहरुले भारतमा आक्रमण गर्दा धेरै राज्यका हिन्दु वंशहरु उत्तरी क्षेत्रतर्फ भागेर आए।पन्ध्रौ शताब्दीमा तिनीहरु हिमाली प्रदेशतर्फ प्रवेश गरे र तिनीहरुले आफनै छुट्टै राज्य स्थापना गरे।त्यस समयमा रुद्र सेनले पाल्पामा सेन वंशीय राज्य विस्तार गरे जसको राजधानी तानसेन बन्न पुग्यो।पौराणिक किम्बदन्ती अनुसार तानसेन भन्ने शब्द सेन वंशका राजाको नामबाटताम्रसेनको रुपमा रहेको थियो।अर्को मान्यता अनुसार मगर शब्द तान्सिङबाट तानसेन बन्न गयो भन्ने पनि रहेको छ। जसको अर्थ उत्तरी बस्ती भन्ने बुझाउँछ।पाल्पा दरवार (खडग शमशेरद्वारा निर्माण र प्रताप शमशेरद्वारा पुननिर्माण गरिएको पाल्पा दरवार),अमरसिंह थापाले निर्माण गरेको अमरनारायणको कलात्मक मन्दिर र अमरनारायण पौवा (अमरगञ्ज), कर्णेल उजिरसिंह थापाले निर्माण गरेको रणउजिरेश्वरी भगवती मन्दिर, निशान भगवती मन्दिर , बग्गी ढोका, मूलढोका, विजय स्तम्भ, सितलपाटी, पश्चिमी शैलीमा निर्माण भएको त्रिभुवन बहुमुखी क्याम्पस, ढुंगा छापिएका सडक र गल्ली, गुफाचौर, माण्डव्य तपोभुमी , पारीलेक वनका साथै काली गण्डकी नदीको किनारमा खडग शमशेरद्वारा आफ्नो प्रिय रानी तेजकुमारी देवीको सम्झनामा निर्माण गरिएको रानीमहल दरवार (यसलाई नेपालको ताजमहल पनि भनिन्छ), प्रभासताल आदि यहाँका दर्शनीय स्थल एवं महत्वपूर्ण संरचनाहरु हुन ।हातले बुनेको ढाका टोपी र ढाकाको कपडा (जसलाई पाल्पाली ढाका पनि भनिन्छ) र करुवाको लागि यो ठाउँ प्रख्यात छ।महत्वपूर्ण र दर्शनिय स्थलहरुको कारणले यो क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा पनि अगाडी बढ्दै छ।शैक्षिक केन्द्रको रुपमा अग्रणी भूमिका खेल्दै आएको सदरमुकामको आसपासमा अवस्थित मेडिकल कलेज तथा नर्सिङ्ग कलेजहरुमा विद्यार्थीहरु अध्ययनको लागि देशका विभिन्न स्थानहरुबाट यहाँ आउने गरेकोले पश्चिम पहाडमा यो जिल्ला शैक्षिक केन्द्रको रुपमा पनि थप विकसित हुंदै गईरहेको छ ।

सबै भन्दा बढि ५३.३% मगर जातिले बसोबास गर्ने यस जिल्लाका अधिकांश मानिस कृषि पेशामा संलग्न रहेका छन्।बैदेशिक रोजगारको लागि छिमेकी राष्ट्र भारत तथा खाडी राष्ट्रमा गएका मानिसहरुको संख्या पनि उल्लेख्य रहेको पाईन्छ। यस जिल्लामा बुटवल स्याङ्गजा हुंदै पोखरा जाने सिद्धार्थ राजमार्ग र तानसेन हुंदै गुल्मी जाने दुई मुख्य राजमार्गहरु रहेका छन् । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार पाल्पा जिल्लाको कूल जनसंख्या २,४५,०२७रहेको छ ।जसमध्ये पुरुष १,१२,७६१ (४६.०१%) र महिला १,३२,२६६ (५३.९८%)रहेका छन् ।

## पाल्पा जिल्लाका धार्मिक तथा पर्यटकीय स्थलहरु



भैरब मन्दिर




भगवती मन्दिर




निशान भगवती




हृषीकेश मन्दिर




पाल्पा दरवार संग्रालय



ताल पोखरा



उत्तर बाहिनि कालिगण्डकी नदी



रानीमहल



सदरमुकाम तानसेन



सिद्धबाबा मन्दिर

**भौगोलिक अवस्था**

अक्षांस :२७ डिग्री ४० मिनेट देखि २७ डिग्री ५७ मिनेट उत्तरी अक्षांश
देशान्तरः ८३ डिग्री १४ मिनेट देखि ८४ डिग्री २ मिनेट पूर्वी देशान्तर
सीमानाः पूर्व - तनहुं र नवपरासी पूर्व
पश्चिम - अर्घाखांची र गुल्मी
उत्तर - स्याङ्जा
दक्षिणमा - रुपन्देही र नवलपरासी पश्चिम
क्षेत्रफलः १३७३ वर्ग कि.मी.
उचाइ : समुन्द्री सतहबाट करिब २०० मि. देखि २००० मि. सम्म फैलिएको

## २.३. प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, प्रदेश सभा सदस्य तथा प्रदेश सभा समानुपातिक सदस्यहरुको विवरण

### प्रतिनिधि सभा सदस्यः प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ | माननीय नारायण प्रसाद आचार्य | ९८५७०६०५८४ |
| २ | ने.क.पा.एमाले | २ | माननीय ठाकुर प्रसाद गैरे | ९८५७०६०९८८ |

### राष्ट्रिय सभा सदस्य

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | ने.क.पा.समाजवादी | माननीय राजेन्द्रलक्ष्मी गैरे | ९८५७०६५२५५ |

### प्रदेश सभा सदस्य : प्रत्यक्ष तर्फ

| सि.नं. | दल | निर्वाचन क्षेत्र नं. | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | ने.क.पा.एमाले | १ क | माननीय राजु प्रसाद श्रेष्ठ | ९८५७०६०५११ |
| २ | ने.क.पा.एमाले | १ क | माननीय खेम बहादुर सारु | ९८५७०६०४४४ |
| ३ | नेपाली काँग्रेस | २ क | माननीय बिर बहादुर राना | ९८५७०६०७७५ |
| २ | ने.क.पा. माओवादी | २ ख | माननीय तुलाराम घर्ति मगर | ९८५७०८५४९८ |

### प्रदेश सभा सदस्य : समानुपातिक तर्फ

| सि.नं. | दल | नाम, थर | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | ने.क.पा.एमाले | माननीय ईन्द्रा गहतराज | ९८५७०८५४९८ |

## २.४. पालिका प्रमुख /उप प्रमुखहरु तथा स्थानीय तहहरुको विवरण

| सि.नं. | स्थानीय तह | प्रमुख/उपप्रमुख अध्यक्ष/उपाध्यक्षको नाम | सम्पर्क नं. | क्षेत्रफल/वर्ग किलोमिटर | जनसंख्या | केन्द्र | वडा संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | नगरप्रमुख सन्तोषलाल श्रेष्ठ | ९८५७०६०३५३ | १०९.८ | ५०७९२ | तानसेन | १४ |
| | | उपप्रमुख प्रतिक्षा सिंजाली | ९८४७१०२८४९ | | | | |
| २ | रामपुर नगरपालिका | नगरप्रमुख रमण बहादुर थापा | ९८५१०३३९२१ | १२३.३४ | ४०८८३ | रामपुर | १० |
| | | उपप्रमुख बाल कुमारी थापा | ९८४७१८०५८८ | | | | |
| ३ | रैनादेवी छहरा गाउँपालिका | अध्यक्ष रुकमांगत भट्टराई | ९८४९०७७०२९ | १७५.८८ | २३१४९ | छहरा | ८ |
| | | उपाध्यक्ष युवराज थापा | ९८५७०६२०६३ | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | रिब्दीकोट गाउँपालिका | अध्यक्ष नारायण बहादुर कार्की | ९८५७०६०३८३ | १२४.५५ | १५४७३ | खस्यौली | ८ |
| | | उपाध्यक्ष कान्ता अधिकारी | ९८५७०६२३५८ | | | | |
| ५ | तिनाउँ गाउँपालिका | अध्यक्ष प्रेम श्रेष्ठ | ९८५७०६०६५८ | २०२ | १७७७७ | दोभान | ६ |
| | | उपाध्यक्ष लाल बहादुर थापा | ९८४७१५१०२५ | | | | |
| ६ | निस्दी गाउँपालिका | अध्यक्ष मुक्त बहादुर सारु | ९८५७०४८०१२ | १९४.५ | १८१२० | मित्याल | ७ |
| | | उपाध्यक्ष तिरन कुमारी श्रेष्ठ | ९८४०१९३५०४ | | | | |
| ७ | पूर्वखोला गाउँपालिका | अध्यक्ष नुन बहादुर थापा | ९८५७०६५५४४ | १३८.५ | १६०५२ | रिङ्गनेरह | ६ |
| | | उपाध्यक्ष भागिरथी शर्मा भट्टराई | ९८५७०६९०४५ | | | | |
| ८ | बगनासकाली गाउँपालिका | अध्यक्ष सरस्वती चिदी | ९८४७०४२२६६ | ८४.१७ | १८४९७ | चिर्तुङधारा | ९ |
| | | उपाध्यक्ष हरि पाठक | ९८५७०६८४७७ | | | | |
| ९ | माथागढी गाउँपालिका | अध्यक्ष यम बहादुर चिदी | ९८५७०६०२३१ | २१५.५९ | २४०५३ | झडेवा | ८ |
| | | उपाध्यक्ष बिष्णुमायाँ लुईचे | ९८६७०४०१६४ | | | | |
| १० | रम्भा गाउँपालिका | अध्यक्ष बिष्णु भण्डारी | ९८४७२२५७७९ | ९४.१२ | १७१५५ | पिपलडाँडा | ५ |
| | | उपाध्यक्ष राधा कुमारी श्रेष्ठ | ९८४७४९७०४३ | | | | |

संस्थागत जनसंख्या - २०७६

## ३. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार

- जिल्लामा शान्ति,सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकासको कार्यहरुमा सहयोग र समन्वय गर्ने
- जिल्ला भित्र रहेका नेपाल सरकारको सम्पत्तिहरूको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाली नागरिकता प्रमाणपत्र जारी गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने
- बिद्युतीयराहदानी सम्बन्धी कार्य गर्ने ।
- हातहतियारको इजाजत प्रदान तथा नविकरण गर्ने ।
- जिल्लामा आइपर्ने विपद्हरुको व्यवस्थापन गर्ने ।
- जिल्लामा बस्तुहरुको आपूर्तीलाई व्यवस्थित गर्ने ।
- जिल्ला स्थित सार्वजनिक निकायहरुको कार्य सम्पादनमा समन्वय गर्ने ।
- प्रचलित कानून, नीति, निर्देशन बमोजिम नेपाल सरकारको प्रतिनिधिको रुपमा कार्य गर्ने ।
- सस्था दर्ता ऐन, २०३४ बमोजिम संस्था दर्ता तथा नविकरण गर्ने
- स्थानीय प्रशासन ऐन र अन्य प्रचलित कानून बमोजिम प्रमुख जिल्ला अधिकारीको क्षेत्राधिकार भित्र पर्ने मुद्दा मामिलाको कारवाही र किनारा गर्ने ।
- प्रचलित कानुन र नेपाल सरकारको निर्देशन बमोजिम अन्य कार्यहरु गर्ने ।

## ४.जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाको विवरणहरु

### ४.१ शान्ति सुरक्षा सम्बन्धी कार्य:.

- जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
- सामाजिक अपराध न्यूनिकरणका लागि समुदाय स्तरमा सचेतीकरण गर्ने ।
- सुरक्षा निकायहरुको परिचाल गर्ने ।
- शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- शान्ति सुरक्षा कायम गर्न स्थानीय तह, नागरिक समाज तथा सरोकारवालाहरुसँग सहकार्य गर्ने ।

### ४.२ स्थानीय प्रशासन सम्बन्धी कार्य:

- नागरिकता वितरण
- वंशजको आधारमा नागरिकता
- अंगिकृत नागरिकता
- गैर आवासिय नागरिकता
- राहदानी सिफारिश तथा वितरण।
- नाबालक परिचयपत्र।
- जनजाती/दलित/खस आर्य प्रमाणित ।
- साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
- हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
- संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृती।

### ४.३ अनुगमन सम्बन्धी कार्यः -

- बजार अनुगमन (स्थानीय तहको समन्वयमा)
- जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन
- विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजीकरण

### ४.४ विपद् व्यवस्थापन सम्बन्धी कार्यः -

- जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण
- मनसुनपूर्व आपतकालीन कार्ययोजना
- विपद् न्यूनीकरणका लागि तयारी
- विपद प्रतिकार्य पूर्वयोजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति

### ४.५ द्वन्द्व पिडितहरुलाई राहत वितरण।

### ४.६ मुद्दा तथा ठाडो उजुरी सम्बन्धी

- सार्वजनिक मुद्दा।
- गुनासो वा ठाडो उजुरी।

### ४.७ हातहतियार इजाजत तथा नविकरण सम्बन्धी

- हातहतियार नामसारी, नविकरण र स्वामित्व हस्तान्तरण।

### ४.८ संस्था दर्ता तथा नविकरण सम्बन्धी सेवा

- संस्था दर्ता/नविकरण।
- संस्थाको विधान संशोधन।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।

### ४.९ राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा

- नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
- राष्ट्रिय परिचयपत्र नम्बर र कार्ड वितरण गर्ने।

### ४.१० विविध कार्य

- गुनासो सुनुवाई गर्ने ।
- विकास आयोजनाहरुको कार्यान्वयनमा समन्वय गर्ने ।
- स्थानीय तहहरुसँग समन्वय गर्ने ।
- सरकारी निकायबाट हुने सार्वजनिक सेवा प्रवाहको अनुगमन गर्ने ।
- नेपाल सरकार, गृह मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, संवैधानिक नियामक निकायहरु लगायत अन्य तालुक निकायबाट प्राप्त निर्देशन अनुसार कार्य गर्ने तथा प्रतिवेदन गर्ने ।

## ५. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः-

| सि.नं. | सेवाको किसिम | दस्तुर | सेवाको समय लागत |
|---|---|---|---|
| १ | नागरिकता प्रमाणपत्र | | |
| | क) वंशजको आधारमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ख) बैवाहिक अङ्गिकृत नागरिकताको हकमा | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| | ग) नागरिकताप्रतिलिपि | रु. १० को हुलाक टिकट | अंग पुगी पेश भएको १ घण्टाभित्र |
| २ | क) नाताप्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ख) नाबालक परिचयपत्र | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ग) नाम थर प्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पेन्सन सम्बन्धि कागजात सिफारिस | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |
| | ङ) अन्यविवरणप्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) जनजातीरदलितप्रमाणित | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ३ | क)ठाडो उजुरी | रु. १० को हुलाक टिकट | १५ मिनेट भित्रै |
| | ख) संस्था दर्ता | रु १०००/- | अंग पुर्याई पेश भएकोमा सोही दिन (प्रहरीप्रतिवेदन र सम्बन्धित निकायबाट जवाफ प्राप्त भएको दिन) |
| | ग) संस्था नविकरण | रु ५००/- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | घ) पत्रिका दर्ता | रु १०००/-, ७५०/-, ५००/-, ३००/- र २००/- क्रमशः दैनिक, अर्ध साप्ताहिक, साप्ताहिक, पाक्षीक र मासिक र अन्य | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | ङ) छापाखाना दर्ता | रु १०००/- | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | च) हातहतियार इजाजत | तोकिए बमोजिम | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| | छ) हातहतियारनवीकरण | तोकिए बमोजिम | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |

| | | | |
|---|---|---|---|
| | ज) शैक्षिक योग्यताको प्रमाणपत्रको आधारमा नाम, थर र उमेर संशोधन | रु. १० को हुलाक टिकट | अंग पुर्याई पेश भएको ३० मिनेट भित्र |
| ४ | विद्युतीय राहदानी | रु १२००/- | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | क) केन्द्रबाट लिनको लागि | रु १०००/- | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| | ख) बिग्री च्यातिई काम नलाग्ने भएको वा हराएको | रु ५०००/- | पालो आउना साथ (सर्वर चलेको अवस्थामा १० मिनेट) |
| ५ | ग) यसै कार्यालयबाट लिने वा म्याद नाघेको राहदानी | रु. १० को हुलाक टिकट | आवश्यक कागजात सहित निवेदन पेश भएको १ घण्टाभित्र |

## ६. जिल्ला प्रशासन कार्यालय पाल्पाको संगठनात्मक संरचना एवं दरबन्दी:-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय पाल्पा

**प्रमुख जिल्ला अधिकारी**
रा.प.प्रथम, प्रशासन, सा.प्र.-१

**निजी सहायक** ना.सु.( प्र.सा.प्र. रा. प. अनं. प्र.)-१
ह.स.चा. श्रेणी विहिन-१,
का.स. श्रेणी विहिन-१

**सहायक प्रमुख जिल्ला अधिकारी**
रा.प. द्वितीय, प्र.सा.प्र.-१

**प्रशासकीय अधिकृत /रा.प.तृतीय) प्र. सा.प्र.-१**

- **स्थानीय प्रशासन तथा शा.सु. शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र.)-१
  खरिदार ( प्र. सा.प्र. रा.प.अनं.द्वि.)-१
  का.स. श्रेणी विहीन-१
  ह.स.चा. श्रेणी विहीन-१
- **नागरिकता तथा प्रतिलिपि शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र.)-२
  क.अ. (विविध रा.प.अनं.प्र.)-१
  खरिदार (प्र. सा.प्र. रा.प.अनं.द्वि).-१
  का.स. श्रेणी विहीन-१
- **आर्थिक प्रशासन शाखा**
  लेखापाल ( प्र. लेखा रा.प.अनं.प्र.)-१
  का.स.श्रेणी विहीन-१

**प्रशासकीय अधिकृत /रा.प.तृतीय), प्र. सा. प्र.-१**

- **राहदानी तथा जिन्सी दर्ता शाखा**
  ना.सु. ( प्र.सा.प्र.रा.प.अनं.प्र.)-१
  क.अ.( विविध रा.प.अनं.प्र.)-१
  खरिदार (प्र.सा.प्र.रा.प.अनं.द्वि)१
  का.स. श्रेणी विहीन-१
- **गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र)-२
  का.स. श्रेणी विहीन-१
- **मुद्दा तथा हातहतियार शाखा**
  ना.सु. (प्र. सा.प्र. रा.प.अनं.प्र)-१
  खरिदार (प्र.सा.प्र. रा.प.अनं.द्वि)१
  का.स. श्रेणी विहीन-१

### ६.१ जिल्ला प्रशासन कार्यालय, पाल्पाको स्वीकृत कर्मचारी दरबन्दी र कार्य विवरण:-

| सि.नं. | पद | श्रेणी | संख्या | पूर्ति | कार्य बिवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प. प्रथम | १ | १ | जिल्लामा शान्ति सुव्यवस्था, सुशासन र सुरक्षा व्यवस्था मिलाउने । | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्धितीय | १ | १ | प्रमुख जिल्ला अधिकारीबाट प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु गर्ने। | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतिय | २ | २ | प्रमुख जिल्ला अधिकारीबाट अधिकार प्रत्यायोजन भए बमोजिमका कार्यहरु शाखा प्रमुख भई सम्पादन गर्ने। | |
| ४ | नायब सुब्बा | रा.प.अनं प्रथम | ७ | ७ | सम्वन्धित शाखाले गर्न तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ५ | लेखापाल | रा.प.अनं प्रथम | १ | १ | आर्थिक ऐन तथा नियमावली बमोजिम लेखा सम्बन्धि कार्य गर्ने | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | २ | १ | सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धि कार्य गर्ने । | १ करार सेवामा |
| ७ | खरिदार | रा.प.अनं.द्धितीय | ४ | ४ | सम्वन्धित शाखाले गर्न तोकिएका कार्यहरु सम्पादन गर्ने। | |
| ८ | हलुका सवारी चालक | श्रेणी विहिन | २ | २ | सवारी साधन चलाउने र आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | २ करार सेवामा |
| ९ | कार्यालय सहयोगी | श्रेणी विहिन | ७ | ७ | कार्यालयको सरसफाइ लगायत आवश्यकता अनुसार कार्यालयको अन्य कामकाज गर्ने। | |
| | जम्मा स्थायी दरबन्दी संख्या | | २७ | २७ | | |
| १० | राष्ट्रिय परिचय पत्र विवरण दर्ता अपरेटर | | २ | २ | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्ने | |
| ११ | राष्ट्रिय परिचय पत्र दर्ता सहयोगी | | १ | १ | नेपाली नागरिकहरुको राष्ट्रिय परिचय पत्र दर्ता प्रविष्ट गर्न सहयोग गर्ने | |

## ७. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा, प्रशासन शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत (९८४९१९१६६५) | सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना ९८५७०६०३३३ |
| २ | मुद्दा,संघ संस्था तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०६५५९०) | |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत (९८५७०६५५९०) | |
| ४ | अभिलेख व्यवस्थापन शाखा | दिनेश ज्ञवाली, प्रशासकीय अधिकृत (९८४९१९१६६५) | |
| ५ | आर्थिक प्रशासन शाखा | सूर्य प्रसाद गैरे, लेखापाल (९८५७०४८९४९) | |
| ६ | राष्ट्रिय परिचयपत्र | मधु पाण्डे विवरण दर्ता अपरेटर (९८६६२६७६७९) | |

### ७.१ जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीको नाम, पद र सम्पर्क नम्वर

| क्र.सं. | पद | नाम थर | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | आनन्द काफ्ले | ९८५७०५७७७७ |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | भक्ति सरा राना | ९८५७०६०३३३ |
| ३ | प्रशासकीय अधिकृत | दिनेश ज्ञवाली | ९८५७०६१७५६ |
| ४ | प्रशासकीय अधिकृत | रमा श्रेष्ठ | ९८५७०६५५९० |
| ५ | नायब सुब्बा | टेक बहादुर घर्ती | ९८६७१९०७७९ |
| ६ | नायब सुब्बा | मनोज आचार्य | ९८४७०६८२०६ |
| ७ | नायब सुब्बा | दोमराज अर्याल | ९८६७१९०७७९ |
| ८ | नायब सुब्बा | इन्दिरा श्रेष्ठ कार्की | ९८४७१०३३७१ |
| ९ | नायब सुब्बा | धन बहादुर राना | ९८४३८९६८९६ |
| १० | नायब सुब्बा | मन बहादुर परियार | ९८६६६१६९४० |
| ११ | कम्प्युटर अपरेटर | राज कुमार कापड | ९८६४०३७२३९ |
| १२ | लेखापाल | सुर्य प्रसाद गैरे | ९८५७०४८९४९ |
| १३ | खरिदार | टंक नाथ घिमिरे | ९८४७१०१९५० |
| १४ | खरिदार | संजय कोरी | ९८६००६७८९८ |
| १५ | खरिदार | राजेश चौधरी | ९८११५५०२५० |

| | | | |
|---|---|---|---|
| १६ | खरिदार | विन्दु डुम्रे | ९८६६१४७००७ |
| १७ | कम्प्युटर अपरेटर(करार) | योगमागा गाहा | ९८४७१००८४९ |
| १८ | दर्ता अपरेटर(करार) | मधु पाण्डे | ९८६६२६७६७९ |
| १९ | कम्प्यूटर अपरेटर (करार) | अमृता पोखेल | ९८६७७८८४०६ |
| २० | हलुका सवारी चालक (करार) | कृष्ण बहादुर राना | ९८४४७८९९९९ |
| २१ | हलुका सवारी चालक (करार) | सुरेश खाती | ९८६०७८११५० |
| २२ | कार्यालय सहयोगी | देवकी श्रेष्ठ कर्माचार्य | ९८४७८३८६३५ |
| २३ | कार्यालय सहयोगी (करार) | नेत्र बहादुर खाती | ९८४७०६७६३५ |
| २४ | कार्यालय सहयोगी (करार) | अमर बहादुर बोहरा | ९८६७२०६४९० |
| २५ | कार्यालय सहयोगी (करार) | एक बहादुर गाहा | ९८४७२२२८९१ |
| २६ | कार्यालय सहयोगी (करार) | दिना देवी नकर्मी | ९८४४७२०५३७ |
| २७ | दर्ता सहयोगी(करार) | सबिना खाती | ९७४९७८७८६५ |

## ८. सेवा प्रदान गर्ने कार्यकक्षहरु

| कोठा नं. | कार्यकक्ष विवरण | कैफियत |
|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष | दोस्रो तला |
| २ | इजलास कक्ष | दोस्रो तला |
| ३ | सभाहल | दोस्रो तला |
| ४ | सहायक प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष | पहिलो तला |
| ५ | हातहतियार, मुद्दा तथा संघ संस्था शाखा | पहिलो तला |
| ६ | आपतकालिन कार्य सन्चालन केन्द्र | पहिलो तला |
| ७ | अभिलेख शाखा | पहिलो तला |
| ८ | जिन्सी शाखा | पहिलो तला |
| ९ | आर्थिक प्रशासन शाखा | पहिलो तला |
| १० | प्रशासन शाखा | भूईतला |
| ११ | प्रशासकीय अधिकृतको कार्यकक्ष | भूईतला |
| १२ | सूचना प्रविधि शाखा | भूईतला |
| १३ | नागरिकता शाखा | भूईतला |
| १४ | राहदानी शाखा | भूई तला |
| १५ | राष्ट्रिय परिचयपत्र दर्ता | भूईतला |
| १६ | प्रशासकीय अधिकृतको कार्यकक्ष | भूईतला |

## ९. कार्यालय प्रमुख र सूचना अधिकारी :-

क) कार्यालय प्रमुखः-

नाम :आनन्द काफ्ले

पदः प्रमुख जिल्ला अधिकारी

ख) सूचना अधिकारीः-

नाम :भक्ति सरा राना

पदः सहायक प्रमुख जिल्ला अधिकारी

## १०. सम्पादन गरेको कामको बार्षिक विवरणः-

### १०.१. बार्षिक प्रगती विवरण

| आर्थिक बर्ष २०८०/०८१ को बार्षिक प्रगति | | | |
|---|---|---|---|
| क्र.सं. | | कार्यको विवरण | संख्या |
| १ | **प्रशासन शाखा** | नाबालिक परिचय पत्र | २८८ |
| २ | | व्यक्ति प्रमाणित लगायत पेन्सन सिफारिस | १९७६ |
| १ | **नागरिकता शाखा** | बंशजको आधारमा नयाँ नागरिकता वितरण | १५१७३ |
| २ | | प्रतिलिपि नागरिकता वितरण | २६७१ |
| ३ | | गैर आवासिय नागरिकता वितरण | २७ |
| ४ | | वैवाहिक अंगिकृत नागरिकता वितरण | ४ |
| १ | **राहदानी शाखा** | विद्युतिय राहदानी दर्ता | १०८०० |
| २ | | विद्युतिय राहदानी द्रुत सिफारिस | २७९ |
| ३ | | एम.आर.पि./विद्युतीय राहदानी वितरण | ११०६५ |
| १ | **राष्ट्रिय परिचयपत्र** | राष्ट्रिय परिचयपत्र विवरण संकलन | १५८०५ |
| २ | | राष्ट्रिय परिचयपत्र वितरण | २१८९ |
| १ | **मुद्दा शाखा** | संस्था दर्ता | ३१ |
| २ | | संस्था नविकरण | १४९ |
| ३ | | संस्थाको विधान संशोधन | २ |
| ४ | | संस्थाको शाखा थप | ३ |
| ५ | | गत बर्षवाट जिम्मेवारी सरेका मुद्दा | ४ |
| ६ | | जिम्मेवारी सरी आएका पुराना मुद्दा फैसला | ४ |
| ७ | | चालु आ.ब.मा भएको मुद्दा दर्ता | २६ |
| ८ | | यस आ.ब.मा मुद्दा फैसला | २६ |
| ९ | | हातहतियार नविकरण | ३५ |
| १० | | विस्फोटक पदार्थ फोरम्यान (नाइके)इजाजत पत्र | २ |

| | | | |
|---|---|---|---|
| ११ | | विस्फोटक पदार्थ इजाजत पत्र फोरम्यान (नाइके) नविकरण | १९ |
| १२ | | उमेर, नाम र जात सच्याउने | ८९ |
| १३ | | घटना दर्ता रद्द | २ |
| १४ | | ठाडो उजुरी परेको संख्या | ५१ |
| १५ | | ठाडो उजुरी फछ्र्यौट संख्या | ५१ |
| १ | **लेखा (राजश्व तर्फ)** | परीक्षा शुल्क | ३,५००/- |
| २ | | राहदानी शुल्क | ५,७६,५०,०००/- |
| ३ | | अन्य प्रशासनिक सेवा शुल्क | २,५७०/- |
| ४ | | प्रशासनिक दण्ड जरिवाना र जफत | ६,९२,११५/- |
| ५ | | धरौटी सदरस्याहार | ४१,२८० /- |
| ६ | | कम्पनी रजिष्ट्रेशन दस्तुर (संघ/संस्था नविकरण) | २,२७,२००/- |
| ७ | | हातहतियारको इजाजतपत्र दस्तुर | १,४६,१००/- |
| १ | **विपद् व्यवस्थापन तर्फ** | विपद् सम्बन्धी राहत वितरण (आगजनी, चट्याङ, बर्षा) ५५ जना संघ तर्फ | ७,५२,०००/- |
| २ | | विपद् सम्बन्धी राहत वितरण (आगजनी, चट्याङ, बर्षा) ६१ जना प्रदेश तर्फ | १८,६५,०००/- |
| ३ | | विपदवाट मृत्यु भएका परिवार ३ जनालाई राहत | ६,००,०००/- |
| १ | **कोभिड-१९** | कोभिड मृतक परिवार संख्या ३४ जनालाई राहत | ३४,००,०००/- |
| १ | **चालु/पूँजीगत खर्च** | पूँजिगत तर्फ कूल खर्च | १४,७१,०९२/- |
| २ | | चालु तर्फ कुल खर्च | १,८७,४८,२५५.७०/- |
| १ | **खाद्य तथा गुणस्तर सम्बन्धी अनूगमन तथा नियमन** | खाद्य नमूना संकलन | १०० |
| २ | | सर्विलेन्स सर्भिस संकलन | ७४ |
| ३ | | खाद्य सम्बन्धी व्यवस्थापन | ४ |
| १ | **अनुगमन/निरिक्षण** | संयुक्त बजार अनुगमन | २२ |
| २ | | कार्यालय अनुगमन | १७ |
| ३ | | सुरक्षा निकायको अनुगमन / वि.ओ.पि. निरीक्षण | १० |
| ४ | | कारागारको निरीक्षण | २ |
| ५ | | संघ/संस्थाको अनुगमन | १८ |
| १ | **महत्वपूर्ण बैठकहरु** | कार्यालय प्रमुख बैठक | १२ |
| २ | | कार्यालय कर्मचारी बैठक | १२ |
| ३ | | जिल्ला सुरक्षा समितिको बैठक | ३३ |

| | | | |
|---|---|---|---|
| ४ | | अन्तर जिल्ला सुरक्षा समितिको बैठक | २ |
| ५ | | अन्तर जिल्ला सुरक्षा बैठक | २ |
| ६ | | जिल्ला विपद् व्यवस्थापन समित (DDMC) को बैठक | ४ |
| ७ | | जिल्ला विपद् सहायता कक्षको बैठक | १ |
| ८ | | सूचना अधिकारीहरुसंगको बैठक | ४ |
| ९ | | जिल्ला विपद् व्यवस्थानको क्षेत्रमा क्रियाशिल सरकारी तथा गैर सरकारी संस्थाको बैठक | २ |
| १० | | स्थानीय तहमा अपराध न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | ४ |
| ११ | | जिल्ला अनुगमन तथा मूल्याङकन समितिको बैठक | १ |
| १२ | | राजनीतिक दलसंग समन्वय बैठक | ४ |
| १३ | | DEOC/LEOC को समन्वयात्मक बैठक | ४ |
| १४ | | विदेशी नागरिक अनुगमन निर्देशिका २०७५ बमोजिमको जिल्ला अनुगमन समितिको बैठक | २ |
| १५ | | जिल्ला स्तरीय राजस्व चुहावतको बैठक | १ |
| १६ | | जग्गा सिफारिस र मुआब्जा तथा क्षतिपूर्ति निर्धारण समितिको बैठक | ७ |
| १७ | | राजमार्गमा (सडक) हुने अवरोध हटाउन जिल्ला स्तरीय समन्वय समितिको बैठक | ९ |
| १८ | | कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय अनुगमन तथा मूल्याङकन समितिको बैठक | ४ |
| १९ | | सुशासन व्यवस्थापन सम्बन्धी बैठक | १ |
| २० | | यातायात व्यवस्थापन समितिको बैठक | १ |
| २१ | | बजार क्षेत्र भित्रको ट्रफिक व्यवस्थापन सम्बन्धि बैठक | १ |
| २२ | | स्थानीय तहका प्रमुखहरुसंग समन्वय बैठक | |
| २३ | | स्थानीय तहमा अपराध न्यूनिकरण सम्बन्धि सचेतना कार्यक्रम | ४ |
| २४ | | जातीय विभेद विरुद्धको सचेतनामूलक कार्यक्रम | १ |
| २५ | | लागु औषध नियन्त्रणका लागि सुरक्षा निकाय र सरोकारवालाहरु बिच समन्वय बैठक | ४ |

| | | | |
|---|---|---|---|
| २६ | | लागु औषध नियन्त्रण सम्बन्धि युवा लक्षित सचेतना कार्यक्रम | १ |
| २७ | | लागु औषध दुरुपयोग एवं ओसारपसार विरुद्धको कार्यक्रम | १ |
| २८ | | अर्धन्यायिक र सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुको लागि न्यायिक क्षमता अभिवृद्धि कार्यक्रम | १ |
| २९ | | कृत्रिम अभ्यास सन्चालन | १ |
| ३० | | विकास आयोजनाको अनुगमन, शान्ति सुरक्षा व्यवस्थापन बैठक | ४ |
| ३१ | | जिल्लामा संचालित खानी तथा सिमेन्ट उद्योगका प्रतिनिधिसंग बैठक | २ |
| ३२ | | अस्पताल व्यवस्थापन तथा सेवा प्रवाह सम्बन्धी बैठक | १ |
| १ | **किरिया खर्च** | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको किरिया खर्च रकम | १५,५०,०००/- |
| २ | | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको बीमा रकम | २,५१,०००/- |

## १०.२ यस आ.ब.मा दर्ता भएका संस्थाहरुको विवरण

| सि.नं. | दर्ता नं. | दर्ता मिति | संस्थाको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | २२७ | २०८०/०४/०१ | रामपुर नगर गौशाला | रामपुर ६ |
| २ | २२८ | २०८०/०४/२३ | सन राइज केन्द्र नेपाल | रम्भा ३ |
| ३ | २२९ | २०८०/०५/१८ | मातृशक्ति फाउण्डेसन | रामपुर ५ |
| ४ | २३० | २०८०/०५/१८ | न्यू स्टार युवा क्लव | माथागढी ३ |
| ५ | २३१ | २०८०/०५/२६ | लखन थापा सामाजिक अध्ययन तथा अनुसन्धान केन्द्र | रामपुर ४ |
| ६ | २३२ | २०८०/०५/२९ | श्री किसान युवा कल्व | रम्भा ५ |
| ७ | २३३ | २०८०/०६/०९ | रामपुर नेवाःसमाज | रामपुर ५ |
| ८ | २३४ | २०८०/०६/१५ | रोटरी कृव अफ रामपुर | रामपुर ५ |
| ९ | २३५ | २०८०/०६/२२ | पाल्पा सरोकार समाज | तानसेन २ |

| | | | | |
|---|---|---|---|---|
| १० | २३६ | २०८०/०७/१० | दरुङ्गा युथ क्लव | बगनासकाली ५ |
| ११ | २३७ | २०८०/०७/१६ | बाकुम गढी संरक्षण तथा पर्यटन विकास समिति | पूर्वखोला ६ |
| १२ | २३८ | २०८०/०९/१३ | ग्रीन कर गुड, नेपाल | तानसेन ३ |
| १३ | २३९ | २०८०/०९/१३ | असहाय तथा दिर्घ रोगी संरक्षण समूह | तानसेन ९ |
| १४ | २४० | २०८०/०९/१६ | कमला छाप समूह | रम्भा ३ |
| १५ | २४१ | २०८०/०९/१७ | श्री नव मगराँती क्लव | रम्भा ५ |
| १६ | २४२ | २०८०/१०/१५ | भैरव सामाजिक सचेतना संस्था | रैनादेवी छहरा २ |
| १७ | २४३ | २०८०/१०/२३ | रैनादेवी मन्दिर व्यवस्थापन समिति | रैनादेवी छहरा ३ |
| १८ | २४४ | २०८०/११/१४ | प्रगतिशिल महिला उत्थान समूह | पूर्वखोला ६ |
| १९ | २४५ | २०८०/११/१५ | शिवालय मन्दिर व्यवस्थापन समिति अमलावास | रैनादेवी छहरा ४ |
| २० | २४६ | २०८०/१२/०१ | कोकलदेवी मन्दिर व्यवस्थापन तथा पुजा सञ्चालन समिति | तानसेन ८ |
| २१ | २४७ | २०८०/१२/०२ | भुजेल घर्ति मन्दिर व्यवस्थापन समिति | रामपुर ६ |
| २२ | २४८ | २०८०/१२/०२ | पञ्चकन्या महिला समूह | रामपुर ४ |
| २३ | २४९ | २०८०/१२/१५ | कानुङ गैरागाउँ मगर समाज | तानसेन १ |
| २४ | २५० | २०८०/१२/२५ | रैनादेवी युवा क्लव | रामपुर ९ |
| २५ | २५१ | २०८०/१२/२५ | खाँड देवी युवा क्लव | पूर्वखोला ६ |
| २६ | २५२ | २०८०/१२/२५ | सर्पराज नेवाःखल | रामपुर ७ |
| २७ | २५३ | २०८०/०१/२४ | तरङ् साहित्य संगम | तानसेन ९ |
| २८ | २५४ | २०८१/०२/०८ | कोटदेवी मन्दिर व्यवस्थापन समिति | रम्भा ३ |
| २९ | २५५ | २०८१/०२/१३ | राम मन्दिर रामकुवा संरक्षण तथा व्यवस्थापन समिति | रामपुर ७ |
| ३० | २५६ | २०८१/०२/१३ | ज्येष्ठ नागरिक मिलन केन्द्र | तानसेन ९ |
| ३१ | २५७ | २०८१/०२/२१ | श्री वुढी लेक युवा क्लव | पूर्वखोला ५ |
| ३२ | २५८ | २०८१/०३/०९ | श्री शिवशक्ति आस्था समूह | रम्भा ३ |

## ११. सम्पादन गरेको कामको बार्षिक विवरणः-

- आबश्यक सुरक्षा सतर्कता अपनाई जिल्लामा शान्ति सुरक्षाको भरपर्दो ब्यबस्था मिलाईएको।
- पाल्पा जिल्लाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८० बमोजिम कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८१ स्वीकृत भै कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको अपराध नक्सा सहितको एकीकृत रणनीतिक सुरक्षा योजना, २०८० तथा एकीकृत रणनीतिक सुरक्षा योजना (क्षेत्रगत कार्ययोजना), २०८० स्वीकृत गरि कार्यान्वयन गरिएको ।
- चाडपर्व लक्षित विशेष सुरक्षा योजना, २०८० तयार गरी कार्यान्वयन भएको ।
- QRT/ IRT परिचालन जिल्ला स्तरीय योजना, २०८० स्वीकृत गरि कार्यान्वयन भएको ।
- पाल्पा जिल्लाको राजमार्ग सुरक्षा कार्ययोजना, २०८० र स्वीकृत गरि कार्यान्वयन भएको ।
- प्रमुख जिल्ला अधिकारीबाट जिल्ला प्रहरी कार्यालय, ईलाका प्रहरीकार्यालय र प्रहरी चौकीको निरीक्षण गरि शान्ति सुरक्षा कायम गर्न, अपराध नियन्त्रण र अपराधिक घटनाको विक्ष्लेषण गरि नतिजामा पुग्न, सूचना संप्रेषण गर्न, चाडपर्व लक्षित जिल्ला सुरक्षा योजना कार्यान्वयन गर्न, कर्तव्य पालन गर्न, सम्भावित विपद्का घटना प्रति सचेत रहन, यथाशिघ्र विपद् घटनाको समन्वय र व्यवस्थापन गर्नुका साथै समग्र सुरक्षाका पक्षमा ध्यान दिन निर्देशन दिईएको ।

| सि नं | निरीक्षण गरिएको इलाका प्रहरी / प्रहरी चौकी | मिति | कैफियत |
|---|---|---|---|
| १ | अस्थायी प्रहरी पोष्ट सराई, माथागढी गा.पा. | २०८०/०६/११ | |
| २ | प्रहरी चौकी ताहुँ, रम्भा गा.पा. | २०८०/०६/१३ | |
| ३ | सशस्त्र प्रहरी बल नेपाल नं.३५ गुल्म हे.क्वा. | २०८०/०६/२९ | |
| ४ | जिल्ला प्रहरी कार्यालय पाल्पा | २०८०/०९/१९ | |
| ५ | सशस्त्र प्रहरी बल नेपाल नं.३५ गुल्म हे.क्वा. | २०८०/१०/०५ | |
| ७ | प्रहरी चौकी रुक्सेभञ्ज्याङ्ग, निस्दी गा.पा.४ | २०८०/०८/२७ | |
| ८ | जिल्ला ट्राफिक प्रहरी कार्यालय, पाल्पा | २०८०/०९/१४ | |
| ६ | जिल्ला प्रहरी कार्यालय, पाल्पा | २०८०/०९/१९ | |
| ७ | प्रहरी चौकी आर्यभञ्ज्याङ्ग, बगनासकाली गा.पा. | २०८०/१२/०४ | |
| ८ | पिपलडाँडा प्रहरी चौकी, रम्भा गाउँपालिका ३, पाल्पा | २०८०/१२/०४ | |
| १० | प्रहरी चौकी मुझुङ्ग, रिव्दीकोट गाउँपालिका , पाल्पा | २०८१/०२/२८ | |
| ११ | प्रहरी चौकी हार्थोक, रिव्दीकोट गाउँपालिका., पाल्पा | २०८१/०२/२८ | |

- मिति २०८०/०९/११ र २०८१/०२/२३ गते कारागार कार्यालय, पाल्पाको निरीक्षण गरी कारागारको सुधार र सुरक्षा मजबुद गर्न निर्देशन दिएको।

- सुरक्षाकर्मी, स्थानीय तह तथा सबै सरोकार निकायका लागि विपद्को घटनाको परिकल्पना गरिमिति २०८०/०६/१३ गतेका दिन तानसेन नगरपालिका वडा नं. ६ टुँडिखेलमा आगलागीको (Fire Fighting) घटनाको कृत्रिम अभ्यास गरिएको ।
- मिति २०८०/६/१२ गतेअर्ध न्यायिक तथा सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुका लागि न्यायिक क्षमता अभिवृद्धि गर्न अभिमुखिकरण कार्यक्रम संचालन गरिएको ।
- जिल्लामा Digital Governence मार्फत आर्थिक सुशासनको लागि राजश्व चुहावट घटाउन, आर्थिक विचलन नियन्त्रण गर्न, Web मा आधारित Vechile and consignment tracking system (VCTS) र भन्सार प्रज्ञापन पत्र कसरी चेक जाँच गर्ने आदि विषयमा प्रहरी कर्मचारीहरुका लागि मिति २०८०/६/१२ गते राजश्व सम्वन्धी अभिमुखिकरण संचालन गरिएको ।
- जिल्लामा संचालित मिति २०८०/७/१८ गते तानसेन नगरपालिका वडा नं. ६ र २०८०/७/२० गते दिव्यज्योती मा.वि. सराई वडा नं.३ माथागढी गाउँपालिकामा लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम, आत्महत्या नियन्त्रण सचेतना कार्यक्रम सम्पन्न गरिएको ।
- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा मिति २०८०/९/२२ गते अपराध न्यूनीकरणको लागि लैङ्गिक हिंसा विरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरिएको ।
- मिति २०८०/११/३० गते जिल्ला प्रशासन कार्यालयको सभाहलमा सरोकारवाला निकायसँगको समन्वयमा समाजमा व्याप्त रहेको कुरीति विरुद्ध सचेतना गर्न जातीय विभेद विरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८०/११/३० गते रम्भा गाउँपालिकाको सभाहलमा अपराध न्यूनीकरणको लागि लागू औषध विरुद्ध र आत्महत्या न्यूनीकरण सचेतना कार्यक्रम सम्पन्न गरिएको ।
- मिति २०८१/०२/०९ गते बगनासकाली गाउँपालिकाको सभाहलमा अपराध न्यूनिकरण गर्न सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- मिति २०८१/०२/२८ गते रैनादेवी छहरा गाउँपालिकाको सभाहलमा लागु औषधको दुर्व्यसन तथा अवैध ओसार पसार नियन्त्रण, साईवर अपराध न्यूनिकरण गर्न सचेतना कार्यक्रम सम्पन्न गरिएको।
- लागु औषध दुरुपयोग एवं ओसार ओसार पसार विरुद्ध अन्तराष्ट्रिय दिवस जुन २६, २०२४ को अवसरमा २० जुनदेखि २६ जुन, २०२४ तदनुसार २०८१, ६ आषाढदेखि १२ गतेसम्म सप्ताहव्यापी कार्यक्रम सम्पन्न गरिएको ।
- मिति २०८१/०३/०७ (२१ जुन, २०२४) गते अन्तराष्ट्रिय योग दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालयको आयोजना तथा श्री पतञ्जली योग समिति, पाल्पाको सहकार्यमा **"महिला सशक्तिकरणको लागि योग"** भन्ने नारा सहित कर्मचारी, सुरक्षा निकायहरुको लागि योगाभ्यास कार्यक्रम संचालन गरिएको
- सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज तथा चुस्त राख्न यस आ.व.मा सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना कर्माचार्यको नेतृत्वमा जिल्ला स्थित १७ वटा कार्यालयहरुको छड्के निरीक्षण र कार्यालयबाट सम्पादन भए गरेका कार्यहरुको सम्वन्धमा विभिन्न २३ वटा सूचकहरुमा अनुगमनगरी सरकारी सेवा सुविधालाई प्रभावकारी बनाई सार्वजनिक सेवा प्रवाहलाई सहज र सरल तथा चुस्त राख्न सुझाव दिईएको। आकस्मिक रुपमा गरिएको निरीक्षणमा कर्मचारीहरुलाई नियमित पोशाक लगाउन, समयपालना गर्न तथा अनुशासन कायम गर्न समेत निर्देशन दिईएको ।

- यस आर्थिक बर्षको अवधिमा १५८०५ जना नागरिकहरुको राष्ट्रिय परिचयपत्रको लागि विवरण संकलन गरि राष्ट्रिय परिचयपत्र नम्बर प्रदान गरिएको र २१८९ जना नागरिकहरुको राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ ।

## १२. विपद् व्यवस्थापन सम्बन्धी कार्यको विवरण

- पाल्पा जिल्लाको विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना,२०८०अध्यावधिक गरि कार्यान्वयन गरिएको ।
- पाल्पा जिल्लाको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना, २०८१ अध्यावधिक गरि कार्यान्वयन गरिएको ।
- जिल्लाको विपद् सहायता कक्ष स्थापना गरि विपद्जन्य घटनाको यथाशिघ्र सूचना संकलन, खोज तथा उद्धार गरिएको ।
- यस वर्षको बसन्त र गृष्म सिजनमा हावा, हुरी चट्याङ, वन डढेलो, आगलागी जस्ता विपदका घटनाको उच्च जोखिम हुने हुँदा जिल्ला वन कार्यालय, जिल्लामा भएका सामुदायिक वन समितिहरु, सुरक्षा निकायहरु तथा सर्वसाधारण नागरिकहरु समेत परिचालन गरी वन क्षेत्रमा अग्नि रेखा बनाउने, वन क्षेत्र सफा गर्ने, निरन्तर गस्ति तथा अनुगमन गर्ने, सचेतना मूलक कार्यक्रमहरु संचालन गरिएको ।स्थानीय तहका दमकलहरुलाई पूर्ण तयारी अवस्थामा राखी वन डढेलोमा नियन्त्रण गरिएको ।आगोलागी नियन्त्रणको लागितानसेन खानेपानी उपभोक्ता समितिको पानीको टंकीबाट दमकलमा तुरुन्त पानी भर्ने व्यवस्था मिलाईएको ।
- विपद्जन्य जोखिमको पूर्वतयारी, प्रतिकार्य, राहत उद्धार लगायतका कार्यका लागि राष्ट्रिय विपद् व्यवस्थापन ऐन/नियम तथा तत् सम्बन्धी कार्यविधि र निर्देशिका अनुरुप जिल्ला आपतकालिन कार्य संचालन केन्द्र (DEOC)लाई२४ सै घण्टा संचालन गर्ने व्यवस्था मिलाईएको ।साथै स्थानीय तहहरुमा स्थानीय आपतकालीन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी २४ सै घण्टा संचालन गर्ने व्यवस्था मिलाउन स्थानीय तहहरुलाई अनुरोध गरिएको ।
- जिल्ला भित्रका सबै कार्यालयहरु र स्थानीय तहहरुमा विपद् Focal person तोकि सोको विवरण DEOC र LEOC हरुमा आद्यावधिक गरि राखिएको।
- यस जिल्लामा सडक दुर्घटना जोखिमको हिसावले बढी संवेदनशील मानिएको तथा चोरी, डकैती लगायतका अन्य आपराधिक घटना घट्न नदिन तथा घटिहालेमा पनि अनुसन्धानमा टेवा पुर्‍याउन मूख्य मूख्य शहरी केन्द्र, मूख्य राजमार्गका चोकहरु, जिल्लाका मुख्य धार्मिक र रणनैतिक स्थानहरुमा C.C.Camera जडानको व्यवस्थाका लागि स्थानीय तहहरुलाई अनुरोध गरि C.C.Camera जडान गरिएको ।
- सडक यातायातलाई चुस्त, दुरुस्त र सुरक्षित बनाउन मुख्य सडक मार्गहरु सिद्धबावा सडक खण्ड, पाल्पा रिडि सडक खण्ड, कालीगण्डकी सडक कोरीडोरलाई मर्मत सम्भार गरी चालु हालतमा राख्ने व्यवस्था मिलाईएको । मनसुनको समयमा तुरुन्त पहिरो पन्छाई सडक सुचारु राख्न राजमार्गका मुख्य मुख्य स्थानहरुमा जनशक्ति सहित स्क्याभेटर राखिएको सवै स्थानीय तह र सडक निर्माण सम्बन्धी कार्यालय/आयोजनाहरुले मर्मत संभारलाई उच्च प्राथमिकतामा राख्न सबै स्थानीय तहहरुले मर्मत संभार कोषको व्यवस्था गरी आ-आफ्नो कार्यक्षेत्रको मुख्य तथा सहायक सडकहरु सुचारु बनाइ राख्न नियमित मर्मत संभार, बाढी, पहिरोबाट हुन सक्ने सडक अवरोध हटाउन

डोजर/स्काभेटर र जनशक्ति परिचालनको व्यवस्था मिलाउन गरिएको अनुरोधलाई स्थानीय तहले कार्यान्वयन गरेको ।

- जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विपद् सहायता कक्ष तथा स्थानी तहहरुमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा विपद् सहायता कक्ष स्थापना गरिएको ।
- आ.व. २०८०/८१ मा जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट वितरण गरिएको विपद् घटनामा परि मृत्यु भएका ३ जनाका आफन्तलाई प्रदान गरिएको राहत रु. ६,००,०००/- विपद् घटनामा परेका परिवार संख्या ५५ लाई नेपाल सरकारवाट राहत प्रदान भएको रु.७,५२,०००/-, र प्रदेश सरकारवाट परिवार संख्या ६१ लाई रु. १८६५०००। कोभिड -१९ संक्रमणबाट मृत्य भएका ३४ जना व्यक्तिको परिवारलाई प्रदान गरिएको राहत रु. ३४,००,०००/- गरी जम्मा रु. ६६,१७,०००/- (छैसठ्ठी लाख सत्र हजार) खर्च गरियो ।
- स्थानीय तहहरुवाट मनसुनजन्य/आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ र २०७८ बमोजिम स्थानिय तहहरुवाट OnlineEntry भई Verification र Approve भएका २५ जनालाई जम्मा रु. १२,५०,००० खर्च गरियो।
- बाढी, पहिरो, भारी बर्षा आदीका कारण विद्युत पोल ढल्ने वा अन्य कारण विद्युत सेवा अवरुद्ध हुनसक्ने हुँदा नेपाल विद्युत प्राधिकरण पाल्पा शाखाले समभावित जोखिमयुक्त स्थानहरुमा साधन स्रोत सहित जनशक्ति परिचालन गरी विद्युत अवरुद्ध हुन नदिने र अवरुद्ध भई हालेमा तत्काल मर्मत संभार गरी सुचारु हुने व्यवस्था मिलाउने। नेपाल टेलिकमले मोवाइल, Landline, internet सेवाहरु २४ सै घण्टा गुणस्तरीय रुपमा संचालनगर्ने गरी व्यवस्था मिलाईएको।
- बाढी, पहिरो, भारी बर्षाको कारण लामो समय सडक अवरुद्ध हुन गएमा जिल्ला भित्र दाल, चामल, तेल, चिनी, दुध, तरकारी, पेट्रोलियम इन्धन, औषधी लगायतका अत्यावश्यक सामग्री र खाद्यान्न आपूर्तिमा कमी हुने नपाउने गरी कम्तीमा ३ महिनाको लागि आवश्यक पर्ने खाद्य भण्डारमा रहने व्यवस्थापन मिलाईएको
- आषाढ, श्रावण र भाद्र महिना भरी नदि नालाहरुवाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन गर्न नपाउने (विपद् जन्य अवस्था बाहेक) र नेपाल प्रहरी र सशस्त्र प्रहरीले अवैध उत्खनन र चोरी निकासी नियन्त्रण गर्ने व्यवस्था मिलाईएको ।
- जिल्ला प्रशासन कार्यालयको DEOC मा लामो समय देखि रहेका त्रिपालहरु स्थानीय तहको माग र आवश्यकताको आधारमा स्थानीय तहहरुमा पठाईएको।
- जिल्ला स्थित ३ वटै सुरक्षा निकायहरुले विपद् उद्धार र राहतको लागि उपलब्ध उपकरणहरु सहित QRT तयारी अवस्थामा राखिएको ।
- विपद्का समयमा बढी जोखिमयुक्त समूह (महिला, किशोरी, गर्भवती, सुत्केरी एवं बालबालिका) लाई मर्यादा सामग्री, विपद् प्रभावित परिवारलाई आवास, उमेर र लिङ्ग अनुसार आवश्यक लत्ता कपडा, खाद्य तथा गैर खाद्य बस्तु, शुद्ध पिउने पानी जस्तान्यनूतम आधारभूत सेवा उपलव्ध गराउने व्यवस्था मिलाईएको ।

## १३. विपद् व्यवस्थापनका लागि सम्पर्क व्यक्ति र सम्पर्क नम्बर

### १३.१ स्थानीय प्रशासन अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | सहायक प्रमुख जिल्ला अधिकारी | भक्ति सरा राना | ९८५७०६०३३३ |
| २ | दि फेमस महिन्द्र दल गण | सेनानी | जित बहादुर कार्की | ९८५६०६८००० |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्रहरी निरीक्षक | कमल प्रधान | ९८६९७२३३९८ |
| ४ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | अनुसन्धान अधिकृत | टिकाराम पाण्डे | ९८४३५२२३७६ |
| ५ | सशस्त्र प्रहरी बल | स.प्र.नि. | कमल पन्थी | ९८५१२५९८१२ |

### १३.२ स्थानीय तह अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | कार्यक्रम अधिकृत | विष्णु प्रसाद पौडेल | ९८५७०६२५६२ |
| २ | रामपुर नगरपालिका | ईन्जिनियर | कृष्ण बहादुर थापा | ९८६७३७५३७५ |
| ३ | पूर्वखोला गाउँपालिका | अधिकृत | विनोद नेपाल | ९८५७०६५३७९ |
| ४ | निस्दी गाउँपालिका | अधिकृत छैठौं | अर्जुन खनाल | ९८५७०७९२१५ |
| ५ | रम्भा गाउँपालिका | सि.अधिकृत छैठौ | शिव अर्याल | ९८५७०६८७७० |
| ६ | माथागढी गाउँपालिका | ईन्जिनियर | धर्मेन्द्र कुमार यादव | ९८५७०७९११९ |
| ७ | तिनाउ गाउँपालिका | सव ईन्जिनियर | हरि प्रसाद रिजाल | ९८५११८६२६२ |
| ८ | रिब्दीकोट गाउँपालिका | अधिकृत | रुकलाल भट्टराई | ९८५७०६२६४३ |
| ९ | रैनादेवी छहरा गाउँपालिका | जनस्वास्थ्य निरीक्षक | जीवन राना | ९८५७०६०६९० |
| १० | बगनासकाली गाउँपालिका | सहायक पाँचौं | शर्मिला न्यौपाने | ९८४४७२०६०८ |

## १३.३ विषयगत कार्यालयहरु अन्तर्गत

| सि.न-. | पद | कार्यालय प्रमुखको नाम | कार्यालय/संस्था | पद | सम्पर्क व्यक्ति | सम्पर्क नम्वर |
|---|---|---|---|---|---|---|
| १ | डि.ई. | बाबुराम सापकोटा | सडक डिभिजन पाल्पा | ईन्जिनियर | दुर्गा गौतम | ९८५७०७७९२१ |
| २ | डि.ई. | कुशल गौतम | जलस्रोत तथा सिचाइ विकास डिभिजन कार्यालय | ईन्जिनियर | चन्द्र राना | ९८४९६०४६६७ |
| ३ | प्रमुख | सरोज पोखेल | भू तथा जलाधार कार्यालय | ईन्जिनियर | सरोज पोखरेल | ९८५७०१७७०७ |
| ४ | प्रमुख | गणेश यादव | प्रधानमन्त्री कृषि आधुनिकी करण परियोजना | प्रमुख | गणेश यादव | ९८५७०६८१८१ |
| ५ | प्रमुख | सन्तोष कुमार चौधरी | कृषिज्ञान केन्द्र | प्रमुख | सन्तोष कुमार चौधरी | ९८५७०६५२९४ |
| ६ | प्रमुख | नारायण देव भट्टराई | डिभिजन वन कार्यालय | डिभिजनल वन अधिकृत | नारायण देव भट्टराई | ९८५७०२३३७७ |
| ७ | प्रमुख | महेन्द्र सुवेदी | शिक्षा विकास तथा समन्वय इकाई | शाखा अधिकृत | हेम शर्मा रिजाल | ९८४६२०६५६७ |
| ८ | स्वास्थ्य कार्यालय | डा.राजेन्द्र गिरी | स्वास्थ्य कार्यालय | ल्याब टे.अधिकृत | मधुसुदन भट्टराई | ९८४५३३२९५५ |
| ९ | प्रमुख | आविद हुसेन | खानेपानी डिभिजन कार्यालय | प्रमुख | आविद हुसेन | ९८५७०२११४६ |

## १३.४ अन्य

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | रेडक्रस सोसाईटी, पाल्पा | जिल्ला सभापति | बावुराम कार्की | ९८५७०६२७९७ |

### १३.५ विपद व्यवस्थापनमा देखिएका समस्याहरु

क. विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु ।
ख. कमजोर भू-बनोट, भिरालो र उच्च पहाड रहनु ।
ग. प्राकृतिक स्रोतहरु (चुनढुंगा खानी) को अव्यवस्थित तथा अत्याधिक दोहन हुनु ।
घ. जोखिमयुक्त र न्यूनतम मापदण्ड नपुगेका ग्रामिण सडक निर्माण हुनु ।
ङ. भू-उपयोग योजना, भवन संहिता प्रभावकारी नहुनु ।
च. एकीकृत सूचना प्रणालीको न्यूनता ।
छ. संकट आंकलनको पूर्वमूल्याङ्कन वास्तविक हुन नसक्नु ।
ज. अव्यवस्थित रुपमा सहरीकरण हुनु।
झ. आपतकालीन अवस्थाका लागि दक्ष र यथेस्ट जनशक्ति,श्रोत, उपकरण,बन्दोबस्ती र राहत सामाग्रीको कमी।
ञ. अन्तर निकाय संघ, प्रदेश र स्थानीय तहबिच ठाडो (Vertical) र तेर्सो(Horizontal) रुपमा प्रभावकारी समन्वयको कमी ।

### १३.६ जिल्ला/स्थानीय तहका प्रमुख विपद घटनाहरु

यस जिल्लामा मुख्यत विपद्का घटनाहरु देहाय अनुसार रहेको पाईन्छ ।

| सि.नं. | विपद्को प्रकार | विपद्को संख्या | मृतक संख्या | घाईते |
|---|---|---|---|---|
| १ | पहिरो | ० | ० | ० |
| २ | आगलागी/जलेर | ५४ | ३ | ५ |
| ३ | बाढी/ खोलाले बगाएको/ डुवान | १० | १० | ४ |
| ४ | चटयाङ्ग | ३ | १ | २ |
| ५ | सडक दुर्घटना | २१ | ४० | ५० |
| ६ | सर्प दंशा | ६३ | ० | ६३ |
| ७ | विषात्त पदार्थ सेवन(बिषादी सेवन गरी ) | ४९ | १३ | ३९ |
| ८ | जंगली जनावरको आक्रमण | ० | ० | ० |
| ९ | भिरबाट लडेर/लडेर | ११ | ८ | ७ |
| १० | करेन्ट लागेर | ५ | २ | ३ |
| ११ | कोभिडबाट मृत्यु | ० | ० | ० |
| १२ | अन्य (रुखबाट लडेर) | ९ | ३ | ७ |
| जम्मा | | २२५ | ८० | १८० |

**अन्यः**-बर्तमान अबस्थामा जलबायु परिवर्तनको कारण बिभिन्न समस्याहरु उत्पन्न हुने अबस्थाहरु आएका छन। जंगलको बिनास तथा लामो खडेरीका कारण पानीका मुहान सुक्ने र खानेपानीको अभाव हुने समस्या बढ्दै गईरहेको छ।


### १३.७ जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका अन्य उल्लेख्य कार्यहरु

- विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना २०८० बमोजिम कार्यान्वयन गरिएको।
- मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना २०८१अध्यावधिक गरि कार्यान्वयन गरिएको ।
- विपद व्यवस्थापनको लागि स्थानीय तह, सरोकारवाला, गैर सरकारी निकायहरु संग सहकार्य र समन्वय भएको।
- सतह भन्दा बढी पानी भएमा स्थानीय नागरिकहरुलाई जानकारी दिनको लागि साइरन जडान गरि सूचना दिने गरिएको।
- विपद्जन्य घटनाबाट सर्तक रहन र सचेतना अपनाउन माईकिङ र स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गरिएको।
- सामुदायिक प्रहरीबाट विद्यालयमा विपदबाट जोगिनका लागि जानकारी प्रदान गरिएको।
- विपद् प्रभावितहरुलाई नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त राहत वितरण गरिएको।

## १४. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन

- बजारमा कृत्रिम अभाव, जम्माखोरी, कालो बजारी हुन, गर्न नदिन र दैनिक उपभोग्य वस्तुको आपूर्ति, वितरण कार्यको अनुगमन गरि आपूर्तिको व्यवस्था सहज गर्ने कार्य भईरहेको ।
- उपभोग्य बस्तुका पसल, होटल तथा रेष्टुरेण्टको अनुगमन गरि बिक्रीको लागि राखिएका, म्याद नाघेका बस्तु र गुणस्तरहीन खाद्य पदार्थ जफत गरि नष्ट गरिएको ।
- यस आ.व. मा यस कार्यालयको समन्वयमा तानसेन नगपालिका लगायत अन्य पालिकाहरुमा व्यापार व्यवसायलाई मर्यादित र उपभोक्ताहरुलाई गुणस्तरीय बस्तु तथा सेवा उपलब्ध गराउने उद्देश्यले २२पटक संयुक्त बजार अनुगमन भएको थियो ।साथै तानसेन बजार क्षेत्रभित्रका विभिन्न स्थानहरुमा रहेका एल.पि.ग्यास विक्रेता/व्यवसायीहरुको कार्यलाई पनि व्यवस्थित र सुरक्षित बनाउने उद्देश्यले अनुगमन गरिएको थियो ।

## १५.यस कार्यालयले संचालन गरेको कार्यक्रमहरुः-




**१.लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम :** स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने उद्धेश्यले खास गरी जोखिम समूहका युवा युवतीहरुमा लागू औषधको दुरुपयोग तथा दुर्व्यसनको कारण निम्तिने समस्या र अबैध ओसार पसार नियन्त्रण सम्वन्धी विविध जानकारी गराउन प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/५/२४ गते तानसेन नगरपालिका स्थित त्रिभुवन बहुमुखी क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।लागु औषध दुरुपयोग न्यूनिकरण विषयका सहजकर्ता प्रहरी उपरिक्षक हेरम्व शर्मा र आत्महत्या न्यूनिकरण विषयका सहजकर्ता डा.विवेक भण्डारी रहनु भएको यस कार्यक्रममा सहभागीहरुको संख्या १२२ जना रहेको थियो ।





**२.अर्ध न्यायिक र सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुका लागि न्यायिक क्षमता अभिबृद्धि कार्यक्रम :** यस जिल्लामा अर्ध न्यायिक तथा सुरक्षा निकायमा कार्यरत कर्मचारीहरुका लागि न्यायिक क्षमता अभिवृद्धि गर्ने उद्धेश्यलेप्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/६/१२ गते अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो ।कार्यक्रममा अर्ध न्यायिक निकायले न्याय सम्पादन गर्दा ध्यान दिनु पर्ने विषयहरुमा जिल्ला न्यायाधिश माननीय कमल राज विष्टज्यूले र मुद्धाका प्रकारहरु र अपराध अनुसन्धामा पत्ता लगाउनु पर्ने तथ्यहरुका विषयमा जिल्ला न्यायाधिवक्ता डा. सूर्य प्रसाद पौडेलले सहजीकरण गर्नु भएको थियो ।








**३.प्रहरी कर्मचारीहरुका लागि राजश्व सम्वन्धी अभिमुखिकरण कार्यक्रम :** जिल्ला प्रशासन कार्यालयको आयोजनामा प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/६/१२ गतेप्रहरी कर्मचारीहरुका लागि राजश्व सम्वन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो ।यस जिल्लामा Digital Governence मार्फत आर्थिक सुशासनको लागि राजश्व चुहावट घटाउन, आर्थिक विचलन नियन्त्रण गर्न, Web मा आधारित Vechile and consignment tracking system (VCTS) र भन्सार प्रज्ञापन पत्र कसरी चेक जाँच गर्नु पर्दछ आदि विषयमा सहजीकरण गरिएको थियो । कार्यक्रममा आन्तरिक राजश्व कार्यालय, बुटवलका प्रमुख ध्रुव पोखरेल, कर अधिकृत सुभाष पोखरेल र राजश्व अनुसन्धान कार्यालय, बुटवलका अनुसन्धान अधिकृत हुम बहादुर पाण्डेले सहजीकरण गर्नु भएको थियो।










### ४.कृत्रिम अभ्यास कार्यक्रम:

यस जिल्लामा विपद्सँग सम्वन्धित कृत्रिम घटना अभ्यास तथा तालिम (Simulation and Drill) सुरक्षामा खटीने कर्मचारीहरु लगायत सरोकारवालाहरुको लागि विपद्को घटनाको परिकल्पना गरी अग्रिम अभ्यास मार्फत विपदको समयमा विभिन्न निकायहरुको संस्थागत जिम्मेवारी स्पष्ट पार्न र अन्तरनिकाय सम्पर्क एवं समन्वयको लागि पूर्वतयारी गर्नको लागि आगलागीको (Fire Fighting) घटनाको अभ्यास गरिएको थियो । आगलागीको घटनालाई परिकल्पना गरी गरिएको कृत्रिम अभ्यास मिति २०८०/०६/१३ गते तानसेन नगरपालिका वडा नं. ६ टुंडिखेलमा सम्पन्न गरिएको थियो ।










प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोलाको अध्यक्षतामा संचालन भएको कार्यक्रमको प्रमुख अतिथी तानसेन नगरपालिकाका नगर उपप्रमुख प्रतिक्षा सिंजाली गाहा, सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा राना, जिल्लाका सुरक्षा निकायका प्रमुखहरु, नेपाल रेडक्रस सोसाईटी पाल्पा शाखाका सभापति बाबुराम कार्की र विपद व्यवस्थापनका सरोकार निकायका प्रमुख/ प्रतिनिधीहरु, संचारकर्मी र सर्वसाधारणहरुको उपस्थिति रहेको थियो। यस अभ्यासलाई अत्यन्तै महत्व दिईसंचारकर्मीहरुबाट कान्तिपुर टेलिभिजन लगायत अन्य पत्र पत्रिकाहरुमा समाचार संप्रेषित गरेका थिए ।




**५.लागु औषध नियन्त्रण सम्वन्धि समन्वयात्मक कार्यक्रम:** स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने उद्धेश्यले खास गरी जोखिम समूहका युवा युवतीहरुमा लागू औषधको दुरुपयोग तथा दुर्व्यसनको कारण निम्तिने समस्या र अबैध ओसार पसार नियन्त्रण सम्वन्धी विविध जानकारी गराउन प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षतामा मिति २०८०/७/१८ गते तानसेन नगरपालिका वडा नं. ६ र २०८०/७/२० गते दिव्यज्योती मा.वि. सराई वडा नं.३ माथागढी गा.पा.मा युवा तथा विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लक्षित गरी लागु औषध नियन्त्रण सम्वन्धि युवा लक्षित सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।लागु औषध दुरुपयोग न्यूनिकरण विषयका र आत्महत्या न्यूनिकरण विषयका प्रहरी उपरिक्षक हेरम्व शर्माले सहजीकरण गर्नु भएको थियो ।










**६.अपराध न्यनिकरणको लागि लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम :**लैङ्गिक हिंसाको १६ दिने अभियानको १४ औं दिन मिति २०८०/९/२२ गते अपराध न्यूनीकरणको लागि सचेतनाअभिवृद्धि गर्ने उद्धेश्यले प्रमुख जिल्ला अधिकारी श्री बन्धु प्रसाद बास्तोलाज्यूको अध्यक्षता तथा तानसेन नगरपालिकाका उप प्रमुख प्रतिक्षा गाहा सिंजालीको प्रमुख आतिथ्यमा लैङ्गिक हिंसा विरुद्ध सचेतना कार्यक्रम संचालन गरिएको थियो ।कार्यक्रममा लैङ्गिक हिंसा विरुद्धको सचेतना विषयमा सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा रानाले र आत्महत्या विरुद्धको अपराध न्यूनीकरण सचेतना विषयमा प्रहरी उपरिक्षक हेरम्व शर्माले सहजीकरण गर्नु भएको थियो ।















## ७.जातीय विभेद विरुद्धको सचेतना कार्यक्रम

जातको आधारमा मानिसले मानिसलाई गर्ने विभेद र छुवाछुत हाम्रो समाजमा जरो गाडेको कुरिति हो ।विभेदको यो ठूलो पर्खालको अवशेष आजको हाम्रो समाजको वास्तविक कुरुप तस्वीर हो ।यो विभेदकारी प्रवृत्ति अन्त नभईकन समाजलाई रुपान्तरण गर्न सकिंदैन ।तसर्थ स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने उद्धेश्यले प्रमुख जिल्ला अधिकारी श्री आनन्द प्रसाद काफ्लेको अध्यक्षता तथा तानसेन नगरपालिकाका प्रमुख श्री सन्तोषलाल श्रेष्ठको प्रमुख आतिथ्यतामा मिति २०८०/११/३० गते जातीय विभेद विरुद्धको सचेतना कार्यक्रम सम्पन्न गरिएको थियो ।तानसेन नगरपालिका अन्तर्गतका १४ वटै वडाका दलित महिला सदस्य, दलित पुरुष र गैर दलित महिला तथा पुरुषहरु लगायतका सहभागी उक्त कार्यक्रमका सहजीकरण दलित अभियन्ता ठाकुर लोहागन, पत्रकार मिलन वि.क. र अधिवक्ता नारायण प्रसाद ज्ञवालीले सहजीकरण गर्नु भएको थियो ।










### ८.अपराध न्यूनिकरणको लागि लागु औषध र आत्महत्या न्यूनीकरण विरुद्ध सचेतना कार्यक्रम:

मिति २०८०/१२/०४ गते अपराध न्यूनीकरणको लागि सचेतनाअभिवृद्धि गर्ने उद्धेश्यले प्रमुख जिल्ला अधिकारी श्री आनन्द काफ्लेको अध्यक्षता तथा रम्भा गाउँपालिकाका प्रमुख विष्णु भण्डारीको प्रमुख आतिथ्यतामा लागु पर्दार्थको दुरुपयोग तथा ओसार पसार विरुद्ध, आत्महत्या न्यूनीकरण र आगोलागी तथा बन डढेलो नियन्त्रणका लागि सचेतना कार्यक्रम संचालन गरिएको थियो ।गाउँपालिकाका उपाध्यक्ष, सबै वडाका वडा अध्यक्ष, कार्यपालिकाका सदस्य, सुरक्षा निकायका प्रमुखहरुको उपस्थितीमा सम्पन्न भएको कार्यक्रमको विषयमा सहायक प्रमुख जिल्ला अधिकारी भक्ति सरा रानाले प्रकाश पार्नु भएको थियो भने लागु औषध र आत्महत्या विरुद्धको अपराध न्यूनीकरण सचेतना विषयमा प्रहरी सहायक निरिक्षक मोहन खड्कालेसहजीकरण गर्नु भएको थियो । कार्यक्रममा प्रहरी उपरिक्षकनरेन्द्र चन्द, पालिका प्रमुख विष्णु भण्डारी र प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले मन्तव्यराख्नु भएको थियो ।










## १६. नवप्रवर्धनात्मक कार्यहरु

तानसेन नगरपालिका वडा नं. ११ निवासी पूर्ण रुपमा अशक्त २३ बर्षका प्रतिक रानाभाटलाई प्रमुख जिल्ला अधिकारी निजकै घरमा पुगि नागरिकता प्रदान गरिएको ।






- यस जिल्लाको निस्दी गाउँपालिका वडा नं. ७ का ७० वर्ष भन्दा माथिका १२३ जना ज्येष्ठ नागरिकहरुलाई सोही स्थानमा पुगि नागरिकता वितरण गरिएको ।




- जिल्लामा Digital Governence मार्फत आर्थिक सुशासनको लागि राजश्व चुहावट घटाउन, आर्थिक विचलन नियन्त्रण गर्न, Web मा आधारित Vechile and consignment tracking system (VCTS)रभन्सार प्रज्ञापन पत्र कसरी चेक जाँच गर्ने आदि विषयमा आन्तरिक राजश्व कार्यालय, राजश्व अनुसन्धान कार्यालय, बुटवलसंग समन्वय गरि यस कार्यालयको सभाहलमा यस जिल्लाका प्रहरी कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको।






प्रमुख जिल्ला अधिकारीबाट भएको कारागारको निरिक्षणमा कैदीबन्दीहरुलाई न्यानो लुगा (ज्याकेट) को आवश्यकता देखिएको हुँदा प्रमुख जिल्ला अधिकारीको पहलमा लायन्स क्लव अफ पोखरा फेवालेक सिटी क्लवको सौजन्यमा पुरुष सुधारगृहका २४८ जना पुरुष, महिला सुधारगृहका १७ जना महिला कैदीवन्दी र१ जना आश्रित बालक तथा कारागारको सुरक्षामा अहोरात्र खटिने २२ जना सुरक्षाकर्मीहरुलाई समेत गरि जम्मा २८८ थान ज्याकेट वितरण गरिएको ।





- प्रमुख जिल्ला अधिकारीबाट बगनासकाली ७ खानीगाउँ दैलातुङ्गका अति विपन्न बोटे समुदायका १३ परिवारलाई र बगनासकाली ६ यम्घाकाअति विपन्न समुदायका ४४ परिवारलाई सोही स्थानमा पुगी १/१ थानका दरले ५७ थान कम्बल वितरण गरिएको ।





- रामपुर नगरपालिका, माथागढी गाउँपालिका र पूर्वखोला गाउँपालिकामा आगलागीबाट घरगोठ क्षती भएका घरका परिवारहरुलाई प्रमुख जिल्ला अधिकारी स्वयं घटनास्थलमा पुगी राहत रकम वितरण गर्नु भएको।
- तानसेन नगरपालिका वडा नं. ६ बसपार्क नजिकै सडक छेउमा बर्षौंदेखि कवाडी सामानहरु थुपार्ने र च्यातिएका होर्डिङ्ग बोर्ड नहटाई बजारको सौंदर्यकरणमा नराम्रो प्रभाव पारेको विषयलाई मध्येनजर गरिप्रमुख जिल्ला अधिकारीको निर्देशनमा कवाडी सामान र च्यातिएका होर्डिङ्ग बोर्डहरु हटाउने कार्य भएको।
- तानसेन नगरपालिका भित्रको साँघुरा बाटोका वजार तथा ट्राफिक व्यवस्थान मिलाउन प्रमुख जिल्ला अधिकारीको पहलमा ट्राफिक संकेत चिन्हहरु बनाउन लगाई जहाँ मार्किङ्ग त्यहाँ पार्किङ्ग को व्यवस्थापन गरिएको ।
- कार्यालयवाट प्रवाह हुने सबै प्रकारको सेवाका लागि कार्यालयवाटनै सेवाग्राहीहरुको लागि निवेदनका फारमहरु उपलब्ध गराई बाहिर शुल्क तिरी लिने सेवालाई यथासम्भव बन्द गरिएको

- प्रमुख जिल्ला अधिकारीबाट जिल्लामा संचालित विकास निर्माणसंग सम्बन्धित आयोजनाहरुको गुणस्तर, प्रगतीको विषयमा सम्वन्धित आयोजनाका प्रमुख, स्थानीय तहका प्रमुख र सम्वन्धित निर्माण व्यवसायी सहित स्थलगत निरिक्षण/ अनुगमन गरि आई परेका समस्या समाधानका लागि गर्नु भएको समन्वय तथा सहजीकरण पछि रोकिएका र ढिला सुस्ति भएका अधिकाँश योजना/आयोजनाहरु सम्पन्न भएको । साथै रुग्ण अवस्थामा रहेका योजना/आयोजनाहरु सम्पन्न गर्न समन्वयात्मक रुपमा पहल गरिएको।





- कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिक, अशक्त र फरक क्षमता भएकाहरुलाई लाईन लाग्न नपर्ने गरि यथाशिघ्र सेवा प्रदान गर्नुका साथै सेवा लिने स्थानसम्म पुग्नका लागि Wheel Chair को व्यवस्थापन गरि कार्यालयलाई पूर्ण रुपमा सेवाग्राही मैत्री बनाईएको।










- पालो पर्खने सेवाग्राहीलाई घाम र पानीबाट बच्न Truss निर्माण गरि बस्नको लागि पर्याप्त कुर्ची तथा बेन्चहरुका साथै सेवाग्राहीहरुको लागि पिउने पानीको व्यवस्था गरिएको ।





- कार्यालयको सौन्दर्यकरणको लागि प्रमुख जिल्ला अधिकारीको कार्यकक्ष र कार्यालयको सभाहललाई Renovate गरि सुविधाजनक र आकर्षक बनाईएको ।











- नागरिकता, राहदानी र राष्ट्रिय परिचय पत्रको सेवा लिन आउने सेवाग्राहीहरुलाई सेवा लिनका लागि लामो समय लाईन लाग्न नपर्ने गरी First come First Out प्रणाली अनुरुप Calling, Display सहितको Electronic Token System लागू गरिएको ।






- कार्यालयको परिसरमा सेवाग्राही स्वास्थ्य परिक्षण कक्ष संचालन गरि सेवाग्राहीहरुको स्वास्थ्य परिक्षण गरिएको।







- जिल्लामा विपद्को समयमा विपदको प्रकृति अनुसार घटनास्थलमा नै सबै सुरक्षा निकायका प्रमुखहरु सहितको कमाण्ड पोष्ट खडा गरी खोज तथा उद्धारमा सुरक्षाकर्मीलाई परिचालन गर्ने गरिएको ।
- ढिला सुस्तीको प्रचलनमा हटाई तोकिएको ठिक समयमा बैठक तथा कार्यक्रम शुरु गरि समय व्यवस्थापन गरिएको।
- दुर्घटना न्युनिकरणको लागी मादक पदार्थ सेवन गरि सवारी साधन चलाउनेलाई मुद्धा प्रकृयामा लाने कार्य गरिएको ।

- खानी क्षेत्रमा उत्पन्न हुने समस्या समाधनार्थ प्रशासन, प्रहरी, स्थानीय तह, खानीसंचालक र स्थानीयहरुको समेत सहभागितामा समस्या समाधान संयन्त्र बनाईएको ।

## १७. हालसम्मका प्रमुख जिल्ला अधिकारीहरुको विवरण

| क्र.स. | नामथर | देखि | सम्म |
|---|---|---|---|
| १ | लभ विक्रम शाह | २०२९ | २०३१ |
| २ | राम कुमार श्रेष्ठ | २०३१ | २०३२ |
| ३ | पदम राज सुवेदी | २०३२ | २०३२ |
| ४ | हरि प्रसाद शर्मा | २०३३ | २०३५ |
| ५ | टेकनाथ भट्टराई | २०३५ | २०३७ |
| ६ | गजेन्द्र बहादर मुल | २०३७ | २०३८ |
| ७ | बाबुराम पौडेल | २०३८ | २०४० |
| ८ | शरद कुमार भट्टराई | २०४० | २०४५ |
| ९ | स्थानेश्वर शर्मा | २०४५ | २०४५ |
| १० | राम प्रसाद अरुण | २०४५ | २०४६ |
| ११ | बलराम कापर | २०४६ | २०४७ |
| १२ | विष्णुराज कुसुम | २०४७ | २०४७ |
| १३ | नवीन कुमार घिमिरे | २०४७ | २०४८ |
| १४ | तीर्थ प्रसाद ज्ञवाली | २०४८ | २०५० |
| १५ | ललित बहादुर थापा | २०५० | २०५१ |
| १६ | भुवनेश्वर जोशी | २०५१ | २०५२ |
| १७ | भरतमणि रिसाल | २०५२ | २०५२ |
| १८ | विनोद शर्मा | २०५२ | २०५३ |
| १९ | वामन प्रसाद न्यौपाने | २०५३ | २०५४ |
| २० | माधव प्रसाद ओझा | २०५४ | २०५६ |
| २१ | जनार्दन नेपाल | २०५६ | २०५८ |
| २२ | भानुभक्त पोखरेल | २०५८ | २०६० |
| २३ | श्रीवत्स आचार्य (का.मु) | २०६० | २०६० |
| २४ | एकमणि नेपाल | २०६० | २०६२ |

| | | | |
|---|---|---|---|
| २५ | लक्ष्मण कुमार थापा | २०६२ | २०६२।१०।१८ |
| २६ | बालकृष्ण पन्थी | २०६२।११।२४ | २०६४।०२।२३ |
| २७ | शम्भु प्रसाद घिमिरे | २०६२।०२।२७ | २०६६।०४।३० |
| २८ | जनकराज रेग्मी | २०६६।०५।०३ | २०६८।०३।०७ |
| २९ | टीकाराम शर्मा घिमिरे | २०६८।०३।१३ | २०६९।०३।३१ |
| ३० | हरि प्रसाद मैनाली | २०६९।०४।१५ | २०६९।११।२४ |
| ३१ | शिवराज जोशी | २०६९।१२।१२ | २०७१।०१।२५ |
| ३२ | विष्णु कुमार कार्की | २०७१।०२।०१ | २०७२।०२।३२ |
| ३३ | प्रेमलाल लामिछाने | २०७२।०३।०२ | २०७२।११।२३ |
| ३४ | बाबुराम गौतम (रा.प.प्रथम) | २०७२।११।२३ | २०७४।०६।१९ |
| ३५ | विष्णु प्रसाद ढकाल (रा.प.प्रथम) | २०७४।०६।२० | २०७५।०४।११ |
| ३६ | मनोहर प्रसाद खनाल (रा.प.प्रथम) | २०७५।०४।३१ | २०७६।०१।११ |
| ३७ | वीरेन्द्र कुमार यादव (रा.प.प्रथम) | २०७६।०१।१२ | २०७६।०५।११ |
| ३८ | उमेश कुमार ढकाल | २०७६।०५।१२ | २०७६।१०।१४ |
| ३९ | यादव सुवेदी (रा.प.प्रथम) | २०७६।१०।२६ | २०७७।०२।२० |
| ४० | रमेश न्यौपाने (रा.प.प्रथम) | २०७७।०२।२२ | २०७७।११।१७ |
| ४१ | योगेन्द्र प्रसाद पाण्डे (रा.प.प्रथम) | २०७७।११।२३ | २०७८।६।३१ |
| ४२ | जगन्नाथ पन्त (रा.प.प्रथम) | २०७८।०७।१ | २०७९/११/२३ |
| ४३ | बन्धु प्रसाद बास्तोला | २०७९/११/२५ | २०८०/०९/०१ |
| ४४ | आनन्द काफ्ले | २०८०/०९/०४ | हालसम्म |

## १८. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण

### १८.१ जग्गाको विवरण

| क्र.सं. | ठेगाना / स्थानीय तह | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका ४ | २०३ | ५-९-१-१ | दुवै कित्ता २०३ र ७६४ को जग्गामा कार्यालय भवन, आवास गरी ४ वटा भवन रहेको । |
| २ | तानसेन नगरपालिका ४ | ७६४ | ०-१५-१-१ | |
| ३ | तानसेन नगरपालिका ४ | २३४७ | ७-१०-०-१ | पाल्पा दरबार रहेको र सो मा हाल पाल्पा दरबार संग्रहालय संचालन भएको |

## १८.२ सवारी साधनको विवरण

| क्र.सं. | सवारी साधनको नाम | सवारी नं. | संख्या |
|---|---|---|---|
| १ | बोलेरो जिप | बा २ झ ६१ | १ |
| २ | टाटा सफारी | बा २ झ २१५० | १ |
| ३ | डिस्कभर मोटरसाईकल | लु १ ब १२२३ | १ |
| ४ | यामाहा मोटरसाईकल | लु १ ब ४६४ | १ |

## १९. पाल्पा जिल्लामा रहेका संघीय र प्रदेश सरकार अन्तरगतका सरकारी कार्यालयको सम्पर्क विवरण

| सि.नं. | कार्यालयको नाम | सम्पर्क नं. (+०७५) | प्रमुखको नाम | प्रमुखको सम्पर्कनं. |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय पाल्पा | ५२०१२४ | प्र.जि.अ.आनन्द काफ्ले | ९८५७०५७७७७ |
| २ | पाल्पाजिल्ला अदालत | ५२०११० | न्या.दलबहादुर के.सि. | ९८५७०७२११० |
| ३ | जिल्ला समन्वय समितिको कार्यालय | ५२०४२४ | जि.अ.स. दिनेश अधिकारी | ९८५७०४३२२२ |
| ४ | दि फेमस महिन्द्रदल गण | ५२०५४६ | प्र.से.भूपेन्द्र गुरुङ्ग | ९८५१०९२३१४ |
| ५ | जिल्ला प्रहरी कार्यालय | ५२०५३६ | प्र.उ.नरेन्द्र चन्द | ९८५७०९५५५५ |
| ६ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५२००५९ | उप-अ.नि.विरेन्द्र कार्की | ९८५७०६५०५९ |
| ७ | सशस्त्र प्रहरी बल नेपाल गुल्म | ५२११७४ | प्र.ना.उ.श्याम संगती महर्जन | ९८५१२७२२३४ |
| ८ | कोषतथा लेखा नियन्त्रक कार्यालय | ५२०००३ | शशिन्द्रखाती | ९८५७०६५२०३ |
| ९ | पाल्पा जिल्ला अदालत | ५२०११० | केशव पराजुली | ९८५७०७२११० |
| १० | जिल्लासरकारी वकिल कार्यालय | ५२०१५८ | डा. सूर्य प्रसाद पौडेल | ९८५७०६८१५८ |
| ११ | शिक्षा विकास तथा समन्वय इकाइ | ५२०११९ | महेन्द्रसुवेदी | ९८५७०६५९८० |
| १२ | शहरीविकास तथा भवन कार्यालय | ५२०१५२ | गोविन्दप्रसाद गौतम | ९८५७०६५१५२ |
| १३ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ५२०००७ | आविद हुसैन | ९८५७०२११४६ |
| १४ | सडकडिभिजनकार्यालय | ५२०९२१ | बाबुराम सापकोटा | ९८५७०६५९२१ |
| १५ | पाल्पा अस्पताल तानसेन | ५२०१५४ | नि.मे.सु.डा.राजेन्द्र बहादुर जि.सी. | ९८६३९३०१०८ |
| १६ | स्वास्थ्य कार्यालय | ५२१७३९ | डा.राजेन्द्र कुमार गिरी | ९८५७०८०७३९ |
| १७ | कृषि ज्ञान केन्द्र | ५२०२९४ | सन्तोष कुमार चौधरी | ९८५७०६५२९४ |
| १८ | भेटेरिनरीअस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ५२०१४५ | दुर्गा खनाल | ९८५७०६०८३६ |

| | | | | |
|---|---|---|---|---|
| १९ | सुन्तलाजात फलफूल विकास केन्द्र | ५२०१४७ | का.मु.प्रमुख जोगेन्द्र कान्दु | ९८५७०७७१४७ |
| २० | डिभिजन वन कार्यालय | ५२०००२ | नारायण देव भट्टराई | ९८५७०२३३७७ |
| २१ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ५२०१३९ | सरोज पोखेल | ९८५७०६२८६४ |
| २२ | जलस्रोत तथा सिंचाई विकास डिभिजन | ५२००८१ | कुशल गौतम | ९८५७०६१४३० |
| २३ | प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना | ५२११८० | गणेश यादव | ९८५७०६८१८१ |
| २४ | नेपाल टेलिकम दूरसंचार कार्यालय | ५२०१०१ | राकेश पाण्डेय | ९८५१००४८४४ |
| २५ | सामाजिक बिकास डिभिजन कार्यालय | ५२११९६ | डि.प्र. मित्र प्रसाद गौतम | ९८५७०७७६२० |
| २६ | पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र | ५२०८२३ | नि. प्र. जीवन बस्याल | ९८५७०७७८२३ |
| २७ | कारागार कार्यालय | ५२०१५३ | भगवान भक्त अर्याल | ९८५७०७३७७७ |
| २८ | मालपोत कार्यालय पाल्पा | ५४०४२७ | दुर्गाप्रसाद खनाल | ९८५६०५०८०५ |
| २९ | घरेलु तथा साना उद्योग कार्यालय | ५२०२३२ | श्याम कुमार पौडेल | ९८५७०६०४३२ |
| ३० | जिल्ला हुलाक कार्यालय | ५२०१४६ | जयदिप पन्थी | ९८५७०७५१४६ |
| ३१ | तथ्यांक कार्यालय | ५२०५१२ | नि.प्र. लेखनाथ पाण्डेय | ९८५७०७८५१२ |
| ३२ | कालिगण्डकी कोरिडोर सडक योजना | | शंकर पौडेल | ९८५६०३०७४२ |
| ३३ | जिल्ला निर्वाचन कार्यालय | ५२०९३५ | महेश शर्मा | ९८५७०६८९३५ |
| ३४ | शैक्षिक तालिम केन्द्र | ५२०३०१ | गोपाल प्रसाद बस्याल | ९८४७०२९६३३ |
| ३५ | करदाता सेवा कार्यालय | ५२०११७ | सन्तोष सुबेदी | ९८५७०७४११७ |
| ३६ | नापी कार्यालय | ५२०००८ | ई.अर्जुन पौडेल | ९८५७०६८३०८ |
| ३७ | सडक पूर्वाधार विकास कार्यालय | | बासुदेव भण्डारी | ९८५७०६०४९१ |
| ३८ | विशेष नापी कार्यालय | ५२०१९७ | श्रीधर ढुङ्गाना | ९८५७०६५००८ |
| ३९ | नेपाल विद्युत प्राधिकरण | ५२०५११ | दिलिप मरासेनी | ९८५७०७५५११ |
| ४० | कृषि सामाग्री कम्पनी लिमिटेड | ५२०१३८ | खेमराज भुषाल | ९८४६०९४६३६ |
| ४१ | यातायात व्यवस्था सेवा कार्यालय | ५२०४९९ | लक्ष्मण घिमिरे | ९८५७०९१०३९ |
| ४२ | खाद्य प्रविधि तथा गुण नियन्त्रण | ५२१४९५ | नरेश श्रेष्ठ | ९८५७०२१४९५ |

| | | | | |
|---|---|---|---|---|
| | डिभिजन कार्यालय | | | |
| ४३ | पाल्पा दरवार संग्रहालय | | डि.अ.ब.नारायण देव भट्टराई | ९८५७०२३३७७ |
| ४४ | ईलाका प्रशासन कार्यालय रामपुर | ४००४७५ | गणेश बहादुर कार्की | ९८६७०६५४७६ |
| ४५ | रामपुर अस्पताल रामपुर | ४००१५४ | मे.सु. विवेक भण्डारी | ९८५७०६८१५४ |
| ४६ | नापी कार्यालय रामपुर | ४००४३४ | सुस्मा गौतम | ९८५७०६८३४३ |
| ४७ | मालपोत कार्यालय रामपुर | ४००४२७ | नि.प्र. ज्ञान बहादुर सिंजाली | ९८५७०६५१६७ |

## २०. स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क नं.

| सि.न. | स्थानीय तह | प्रमुख प्रशासकीय अधिकृत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | हरिराम नागिला | ९८५७०७४१११ | |
| २ | रामपुर नगरपालिका | सूर्य दर्शन पण्डित | ९८५७०७५१११ | |
| ३ | रिब्दीकोट गाउँपालिका | लेखनाथ पोखरेल | ९८५७०७५३०७ | |
| ४ | रैनादेवी छहरा गाउँपालिका | कृष्ण प्रसाद तिमिल्सिना | ९८५७०७२०२५ | |
| ५ | रम्भा गाउँपालिका | ठाकुर प्रसाद अर्याल | ९८५७०६८७७० | |
| ६ | माथागढी गाउँपालिका | राम प्रसाद घिमिरे | ९८५७०६८५६८ | |
| ७ | पूर्वखोला गाउँपालिका | सुन्दर प्रसाद श्रेष्ठ | ९८५७०६८५७५ | |
| ८ | निस्दी गाउँपालिका | मदन अर्याल | ९८५७०७९२१० | |
| ९ | तिनाउ गाउँपालिका | लेख बहादुर बस्नेत | ९८५७०११०९८ | |
| १० | बगनासकाली गाउँपालिका | खेमराज छिनाल | ९८५७०६८८६८ | |

तस्विरहरु

**मिति २०८०।९।२७ गतेका दिन लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयका प्रमुख सचिव श्री राधिका अर्यालज्यूको प्रमुख आतिथ्यतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको तस्विरहरु**





**मिति २०८१।२।७ गते बसेको जिल्ला विपद व्यवस्थापन समितिको बैठकको तस्विरहरु**






सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा भएको संयुक्त बजार अनुगमन र जफत गरिएका खाद्य सामाग्रीहरु नष्ट गरिएको तस्विरहरु






विपद् सम्बन्धी घटनामा उद्धार गरिएको केही तस्विरहरु

मिति २०८१/०१/१९ गते पुर्बखोला गा.पा. ०६ हेक्लाङ्गमा आगोलागी भएको घर तथा गोठ क्षती भएकोमा उद्दार तथा आगो नियन्त्रण गरिएको ।




मिति २०८१।०१।१० गते रैनादेवी छहरा गा.पा. ०६ गुहरठानामा आगो लागि भएको घर तथा गोठ क्षती भएकोमा उद्दार तथा आगो नियन्त्रण गरिएको ।





मिति २०८१।०१।१९ गते तानसेन न.पा.०५ श्रीनगरको जङ्गलमा आगोलागी नियन्त्रण गरिएको ।





मिति २०८१।०३।२२ गते तानसेन न.पा.०५ सल्लाधारीमा रुख ढली सडक अवरोध हटाईएको ।





मिति २०८१।०३।२१ गते रिब्दिकोट गा.पा.३ माल्मुल स्थित पाल्पा-गुल्मी सडक खण्डमा अविरल बर्षाको कारण ठुलो ढुङ्गा सहित पहिरो खसी बाटो पुर्णरुपमा अबरोध भएकोमा सडक खुलाईएको





मिति २०८१।०३।२३ गते तिनाउ गा.पा.३ दोभानमा लगातार बर्षाको कारण माथिबाट ढुङ्गा सहितको पहिरो झरी बाटो खुलाइएको।





**मिति २०८१/०४/०८ गते सिद्धार्थ राजमार्गको हिउँदे खोला नजिकैको सडक खण्डमा बाटो भासिएको कारण यातायात सुचारु गर्न सुरक्षाकर्मीको समेत सहयोगमा बाटो मर्मत** गरिएको








## कृत्रिम घटना अभ्यास तथा तालिम












## जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, पाल्पा






**सामाजिक संजालमा भेटिएको**




**संचार जगत**



# बजार अनुगमनमा म्याद नाघेका सामग्री फेला

■भुवन रायमाझी

पाल्पा (करुवा)। चाडपर्व नजिकिँदै गर्दा स्थानीय सरकारले उपभोक्ताहरूको हितलाई ध्यानमा राखेर बजार अनुगमनलाई तीव्रता दिएका छन्। चाडपर्वका समय व्यवसायीले गर्ने बदमासी रोक्न सधैँजसो बजार अनुगमन गर्ने गरिन्छ। यसै बिच रिब्दीकोटको बतासे र कुसुमखोला क्षेत्रका पसलहरूमा मंगलबार अनुगमन गरिएको हो।

जिल्ला प्रशासन कार्यालय पाल्पाको अगुवाइमा करदाता सेवा कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र रिब्दीकोट गाउँपालिका सहित उपभोक्ता अधिकारकर्मीको संयुक्त टोलीले बजार अनुगमन गरेको हो।

ठूला चाडपर्व नजिकिँदै गर्दा खाद्यान्नमा अस्वभाविक मूल्य वृद्धि र कृत्रिम अभाव सिर्जना गर्दा उपभोक्तालाई मर्का पर्ने भएकोले बजारको अवस्था बुझ्न अनुगमन गरिएको जिल्ला प्रशासन कार्यालय पाल्पाका सहायक प्रमुख जिल्ला अधिकारी भक्तिसरा रानाले जानकारी दिनुभयो।

बतासे र कुसुमखोलाका करिब तीन दर्जन पसलमा गरिएको अनुगमनमा अधिकांश पसलमा म्याद नाघेका अखाद्य वस्तुहरू र पेयपदार्थ, लेभल नलगाएका चामल, मदिरालगायतका अखाद्य वस्तु फेला परेको र केही सामग्री जफत गरिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पाल्पाका प्रमुख नरेश श्रेष्ठले बताउनुभयो।

अनुगमन गरिएका सबैजसो पसलहरूले स्थानीय तहमा व्यवसाय दर्ता नगरेको, मूल्य सूची टाँस नगरेको र म्याद नाघी सकेका खाद्य सामग्री उपभोक्तालाई बेच्न राखिएको भेटिएकोले जफत गरी नष्ट गरेको र केही पसलका व्यापारीलाई सचेत बनाएर न्यूनतम जरिवाना गरिएको सहायक प्रमुख जिल्ला अधिकारी रानाले बताउनुभयो। विगतमा दिइएको सुझावहरूको कार्यान्वयन भएन/नभएको, मूल्य सूची राखे/नराखेको, पसल दर्ता गरे/नगरेको, खाद्य तथा गैह्र खाद्य सामग्रीहरूको छुट्टा छुट्टै व्यवस्थापन गरे/नगरेको, उपभोग्य म्याद समाप्त भए / नभएको, नाप तौलका सामग्रीहरू चुस्त दुरुस्त रहे/नरहेको आदी विषयलाई प्राथमिकतामा राखेर गरिएको अनुगमनमा प्राप्त नतिजालाई मध्यनजर गरी आवश्यक सुधार र व्यवस्था गरेर मात्र मालसामानहरूको विक्री वितरण गर्न सुझाव दिएको थियो।

बजार अनुगमनमा रिब्दीकोट गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन अर्याल, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पाल्पाका प्रमुख नरेश श्रेष्ठ, कर दाता सेवा कार्यालय पाल्पाका प्रमुख बिमला महत, घरेलु तथा साना उद्योग कार्यालयका श्यामकुमार पौडेल, मनोज घिमिरे, पाल्पा व्यापार संघ, र उद्योग वाणिज्य संघका प्रतिनिधि तथा पत्रकार सुरक्षाकर्मीलगायतको उपस्थित रहेको थियो। पर्व लक्षित बजार अनुगमन मात्र नभै नियमित अनुगमन गर्नुपर्ने उपभोक्ताहरूको भनाइ छ। अनुगमनमा सुझाव मात्र नदिएर गलत गर्नेलाई कानुन अनुसार कारबाही गर्दा व्यापारीहरू पनि सचेत र इमान्दार बन्ने उनीहरूको विश्वास छ।

गर्भवति तथा नव-आमाको लागि आराम तथा शिशु स्तनपान कक्ष




मोबाइल चार्ज गर्ने स्थान



## कार्यालयमा सेवा लिन आएका सेवाग्राहीहरु









# प्रमुख जिल्ला अधिकारी




सहायक प्रमुख जिल्ला अधिकारी







# प्रशासकीय अधिकृत



प्रशासन शाखा



लेखा फाँट


# नागरिकता शाखा





## सूचना प्रविधि शाखा









## राहदानी शाखा





# राष्ट्रिय परिचयपत्र विवरण दर्ता शाखा



## E-Passport/National Identity Number (NIN) Online Booking Station





# नागरिक सहायता कक्ष









नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
तानसेन नगरपालिका
तानसेन, पाल्पा
आप्रवासी स्रोत केन्द्र
(सहायता कक्ष)
फोन नं.: ०७५५९०४९९
इमेल: mrctansenpalpa@gmail.com
बेवसाइट: https://dofe.gov.np/, https://www.feb.gov.np/







जिल्ला प्रशासन कार्यालयको बैठक/सभा हल



जिल्ला प्रशासन कार्यालयको इजलास

**जिल्ला प्रशासन कार्यालय, पाल्पा**

Website: http://daopalpa.moha.gov.np

Email : daopalpa@gmail.com

Facebook page:

https://www.facebook.com/dao.palpa.148

Facebook Id : जिल्ला प्रशासन कार्यालय, पाल्पा

Contact Number: 075-520125 / 520124